# माधवी उपन्यासमा करुणरसको अनुभूति

**रामहरि शर्मा लम्साल, पिएच.डी**

Associate Professor of Nepali, Saraswati Multiple Campus, Tribhuvan University

email : rhlamsal@gmail.com

**लेखसार**

*प्रस्तुत आलेख मदनमणि दीक्षितको माधवी उपन्यासमा करुणरसको अनुभूति शीर्षकमा त्यस भित्रको कारुणिता अध्ययन गरिएको अनुसन्धानात्मक कार्य हो । साहित्यमा अभिव्यक्त हुने रसहरूमध्ये करुण रसलाई सबैभन्दा महत्त्वपूर्ण मानिएको छ । हरेक विधागत साहित्यिक कृतिमा कुनै न कुनै रसको प्रस्तुति रहन्छ तापनि करुणरसको प्रस्तुति भएको साहित्यक कृतिलाई विशिष्ट प्रकारको मानिन्छ । साहित्यमा करुणरसको अनुभूति सुखात्मक र दुःखात्मक दुवै अवस्थामा गर्न सकिन्छ । माधवी उपन्यासमा सुखदुःखात्मक दुवै प्रकारको करुणाको अनुभूति हुन्छ । माधवी उपन्यासमा शोक स्थायीभाव जनित करुणा नभभई वात्सल्य एवं विप्रलम्ब शृङ्गार जनित करुणाको अनुभूति हुन्छ । माधवी उपन्यासको समग्र विषयवस्तुभित्र करुणाको विशिष्ट सञ्चार गराइएको छ । यस आलेखमा माधवी उपन्यसमा करूण रसको अनुभूति अध्ययनका निम्ति चरित्रहरूको सुखात्मक र दुःखात्मक अवस्थाको आंकलन गर्दै तिनमा निहीत स्वनिष्ट र परनिष्ट करुणालाई आधार मानेर उपन्यसका प्रमुख चरित्र र अन्य चरित्रमा अनुभूत कारुणिकताको खोज, अध्ययन र विश्लेषण गरिएको छ । उत्तरवैदिककालीन आर्य र असुर समाजमा विद्यमान दासप्रथा अन्त्य गरी दासमुक्त समाज बनाउने उद्देश्य अनुरूप महर्षि विश्वामित्रले परिकल्पना गरेको दासमोचन यज्ञको पृष्टभूमिमा माधवीको विषयवस्तु प्रस्तुत गरिएको छ । विश्वामित्रका शिष्य गालवले गुरुदक्षिणा निम्ति अनुरोध गरेपछि विश्वामित्रले चारओटा श्यामकर्ण घोडा दक्षिणा स्वरुप मागिदिएकाले उपन्यासको समग्र कथानक कारुणिक बनेको छ । विश्वामित्रको गुरुदक्षिणाभारबाट मुक्त हुन गालवले ययातिपुत्री माधवीलाई माध्यम बनाएको छ । गालव र माधवी श्यामकर्ण घोडाप्राप्तिका निम्ति कोशल, काशी, भोजनगर र चम्पासम्म विचरण गर्दै आफ्नो उद्देश्यमा सफल हुन्छन् । चारओटा श्यामकर्ण प्राप्त गरुन्जेल र त्यसपछिका दिनहरूमा गालव र माधवीले गर्नु परेको कठोर व्रत र सङ्घर्षको जीवन गाथा नै करुणरसको मुख्य श्रोत हो । गुरु दक्षिणाभारबाट मुक्त भएपछि माधवी स्वयंवरमा गालव उपस्थित हुन नसक्दा माधवी वानप्रस्थी भएर हिँड्छे । उनीहरू केही वर्ष सँगसँगै रहेर गुरुदक्षिणाबाट पार भए पनि धेरै वर्ष एक्लाएकलै, एकले अर्कोलाई खोज्दै यायावरीय जीवन बिताउँछन् । अन्तमा माधवीकै सम्राट् पुत्रहरूले गर्न लागेको चतुःराष्ट्र वाजपेय यज्ञमा गालव र माधवी एक्ला एक्लै अनायस आइपुग्छन् । त्यहीं उनीहरूले यज्ञकर्ता राजाहरूलाई आफ्नो पूर्वगाथा सुनाउने क्रममा माधवीको कथानक बुनिएको छ । यस उपन्यासका प्रमुख चरित्र गालव र माधवी, अन्य सहायक चरित्रहरू तथा दासदासीका जीवननिष्ट कारुणिकताको अध्ययन नै यस आलेखको मुख्य प्रस्तुति रहेको छ ।*

**विषयपरिचय**

उपन्यासकार मदनमणि दीक्षित (६ फागुन १९७९-३० श्रावण २०७६) को माधवी उपन्यास नेपाली आख्यान विधामा छुट्टै पहिचान लिएर आजभन्दा तिस वर्ष पहिले साझा प्रकाशनबाट प्रकाशित भएको हो । प्रस्तुत उपन्यासमा उत्तरवैदिककालीन मानव नश्लका आर्य र असुर समाजको समाजिक गाथा गायन गरिएको छ । यसको कथानक उत्तर वैदिककालीन दासमोचन यज्ञगाथाबाट सुरु भएको छ । चतुःराष्ट्र यज्ञका पछिल्ला प्रसङ्ग (पूर्वस्मृति पद्धति) बाट अगाडि बढ्दै समस्त कथानकलाई पर्यावसानमा समापन गरिएको छ । यस उपन्यासमा वृद्धावस्थामा पुगेका एक युगल जोडी बेग्लाबेग्लै स्थानबाट केही समयको अन्तरालमा चतुःराष्ट्र यज्ञमा आइपुगेका देखिन्छन् । चतुःराष्ट्रको वाजपेय यज्ञका यज्ञकर्ता नायकहरू कोशल सम्राट् वसुमना, काशी महाजनपद सम्राट् प्रतर्दन, उशीनर सम्राट् शिवि र चम्पा नगर सम्राट् अष्टक थिए । यज्ञशालामा अकस्मात् देखा परेकी एउटी वृद्धाले ती सम्राट्हरूलाई पुत्र भनी सम्बोधन गर्छे । ॐनमो नारायण मन्त्र जप्दै आफूलाई जीवनको अव्यक्त उहापोहका रूपमा अमोहमस्मि भनेर चिनाउने ती वृद्धा नै माधवी हुन् । त्यस युगमा प्रचलित दास व्यवस्थाको अन्त्यका निम्ति दास विमोचनार्थ हुँदै गरेको यज्ञशालामा वृद्धाले आफ्ना पूर्वकथाहरू भन्दै गर्दा एकाएक एउटा ब्रह्मतेजयुक्त पुरुष ॐ नमो नारायण मन्त्रोच्चारणका साथा यज्ञशालामा आएर वृद्धालाई सम्बोधन गर्दै 'देवी माधवी तिमीलाई आश्रममा नदेखेर म कति भयभीत भएँ' भन्छ । वृद्धाले पनि 'आर्य गालव यमुना तटको चारैतिर

तिमीलाई हेरें कतै पदचिह्न देखिन, मृगहरूको मर्गदर्शनमा म यहाँसम्म अइपुगेकी हुँ' भन्छे । ती दुई वृद्धहरूको वार्तालाप निकै चाखलाग्दो भएकाले सम्राट् शिविले उनीहरूको परिचय निम्ति जिज्ञासा प्रकट गऱ्यो । तिनका जिज्ञासा समन गर्न माधवी र गालवले आफ्ना विगत उनीहरूलाई बताएको कथाको सँगालो नै माधवी उपन्यासको सम्पूर्ण प्रस्तुति हो । वाजपेय यज्ञबाट सुरु गरेर चरैवेति चरैवेतिमा समाप्त गरिएको प्रस्तुत उपन्यासले उत्तरवैदिककालीन फिरन्ते समाज र दासप्रथालाई उजागर गरेको छ । यसको सम्पूर्ण कथा महाभारतको उपजीव्यतामा रचना गरिएको छ । यस उपन्यसको मूल कथाको स्रोत महाभारतको उद्योग पर्वअन्तर्गत रहेको ययाति पुत्री माधवी र आचार्य गालवको कथा हो । गालव महर्षि विश्वामित्रका अन्तेवासिन् हुन् । उनले स्नातक समावर्तनार्थ गुरु विश्वामित्रलाई गुरुदक्षिणा माग्नका निम्ति हठ गरेको विषयलाई लिएर नै यस उपन्यासमा प्रस्तुत दास युगीन सामाजिक संरचना निर्माण भएको छ । महर्षि विश्वामित्र तत्कालीन भारतवर्षीय राज्यप्रान्तहरूमा रहेको दासप्रथालाई समाप्त पार्न चाहन्थे । दास विमोचनार्थ गरिने वाजपेय यज्ञका निम्ति उनलाई चारवटा श्यामकर्णे घोडा चाहिएको थियो । गालवको हठलाई उनले त्यस कार्यका निम्ति प्रयोग गर्ने विचार गरी चारओटा श्यामकर्णे घोडा दक्षिणा मागे । किरातार्जुनीयम् महाकाव्यका लेखक भारविले अफ्नो पितासँग मानसापराधको दण्डका निम्ति हठ गरेकाले वाह्र वर्ष ससुरालीमा बस्नु पर्ने दण्ड पाए जस्तै गालवलाई पनि गुरु दक्षिणको हठ कठोर दण्ड जस्तै सावित भयो । यहाँ गालवको गुरु दक्षिणा निम्ति माधवीले जीवनका अनेकौं स्वार्थ त्याग गर्नु परेको छ र उसको सम्पूर्ण जीवन गालवप्रति समर्पित भएर पनि एकाकी बिताउनुपरेको छ ।

गालव काला कान भएको चारओटा श्यामकर्ण घोडा प्राप्ति हेतु मित्र सुपर्ण नागजेयको सहयोगमा हिमालय प्रदेशमुनि रहेको दानशील सम्राट् ययातिको अहिच्छत्र राज्यमा पुग्छ र चारओटा श्यामकर्ण घोडा माग्छ । ऊसँग श्यामकर्ण घोडा नभएकाले आफ्नी पुत्री माधवीलाई श्यामकर्ण घोडा प्राप्तिको साधन बनाउन गालवलाई दान गरिदिन्छ । गालव माधवीबाट चारओटा श्यामकर्ण घोडा प्राप्त हुने आश्वासन पाएपछि मात्र ऊ माधवीलाई लिएर जान्छ । गालवले विश्वामित्रलाई प्रदान गर्नु पर्ने चारओटा श्यामकर्ण घोडा प्राप्तिको जिम्मा माधवीमा रहन गएको छ । उसले केशशुल्का कन्याका रूपमा कोशलका राजा हर्यश्वसँग पाणीग्रहण गरी उसैबाट एउटा छोरो वसुमाना जन्माई एउटा श्यामकर्ण, काशीराज दिवोदासबाट अर्को सन्तान प्रतर्दन जन्माई अर्को श्यामकर्ण र भोजराज उशीनर नरेशबाट शिवि जन्माई तेस्रो श्यामकर्ण प्राप्त हुन्छ । चौथो श्यामकर्ण कतै नभएकाले विश्वामित्रलाई नै माधवी समर्पित गरी दिएपछि वृद्ध विश्वामित्रले नियोग विधिद्वारा भागिनेय प्रमतकलाई प्रयोग गरी माधवीबाट चौथो पुत्र अष्टको जन्म हुन्छ । अष्टकको जन्मपछि गुरुदक्षिणको भारबाट गालवलाई मुक्त गरिएको छ । चार पुरुषबाट चार सन्तान जन्माएपछि पनि माधवी कन्या नै रहन्छे । गालव पूर्व सर्तअनुसार माधवी फिर्ता गर्न अहिछच्त्र स्थित ययाति प्रासाद गोपुरमा पुग्छ । माधवीले गालवसँगै जीवन बिताउने आशय प्रकट गरेपछि ययाति प्रासादमा उसको स्वयंवरको तयारी हुन्छ । सुपर्ण नागजेयलाई आफ्नो स्यांवर हेर्ने निम्तो दिन गएको गालव स्वयंवरमा उपस्थित नभएकाले माधवी वानप्रस्थ भई अनेकौं जानपद र जङ्गल हुँदै गालवको खोजीमा वैष्णवी भक्तिमा लाग्दै यायावर बनेर हिँड्छे । उता सुपर्ण नागजेयलाई स्वयंवरमा डाक्न गएको गालव स्वयंवर हुने दिनसम्म विरामी नागजेयकै सेवामा लागिरहन्छ । नागजेयसँग आफ्नो विगतका घटना र माधवी स्वयंवरको कुरा बताएपछि उनीहरू दुवै माधवीको खोजीमा हिँड्छन् । गालव केही समय सुपर्णसँगै र पछि एक्लै माधवी खेज्दै हिँड्छ । माधवीका पुत्र तथा विश्वामित्रका मानसपुत्र चतुःराष्ट्र सम्राट्हरू वसुमना, प्रतर्दन, शिवि र अष्टक मिलेर सम्पन्न गर्न लागेको चतुःराष्ट्र वाजपेय यज्ञमा आआफ्नै किसिमले अलग अलग ठाउँबाट माधवी र गालव केही बेरको अन्तरालमा एकले अर्कोलाई खोज्दै पुगेका हुन्छन् । माधवीले सम्राट्हरूलाई पुत्र भनेर सम्बोधन गर्छे । ती राजाहरूको जिज्ञासा समन गर्न माता माधवीले ती सम्राटहरू जन्माउन आफूले गर्नुपरेको त्याग, संघर्ष र यायावरीय यात्राको कारूणिक सामाजिक स्पन्दनयुक्त पूर्वगाथका ऊहापोह पोखेको कथा नै माधवीको विषयवस्तु हो । श्यामकर्ण घोडा प्राप्तिको उनीहरूको महायात्रा कोशल/अयोध्याबाट सुरु भएको छ । माधवीले चारजना पुत्रलाई जन्म दिएर ययाति प्रासाद फर्किए पछि माधवी स्वयंवरको मिति तोकिंदासम्म उनीहरू सँगै हुन्छन् तर त्यसपछि जवा र सुपर्ण नागजेयलाई स्वयंवरको निम्तो दिन गएको गालव उतैबाट हराउँछ । यता माधवी पनि कसैलाई वरण नगरी वैष्णवी भक्तिमा वानप्रस्थी

भएर भौंतारिन्छे । लामो अन्तरालपछि उनीहरू पुरै वृद्धावस्थामा चतु:राष्ट्र यज्ञमा पुग्दा त्यहीं उनीहरूको भेट हुन्छ र यो उत्तर वैदिक कालीन कथा बोकेको उपन्यास माधवीको जन्म हुन्छ । यसको सम्पूर्ण कथानकमा करुणरस नै अङ्गी भएर रहेको छ ।

**समस्या कथन**

करुणरससम्बन्धी शास्त्रीय अवधारणा के कस्तो रही आएको छ र माधवी उपन्यासमा करुणरसको अनुभूति कुन कुन सन्दर्भमा गर्न सकिन्छ भन्ने प्राज्ञिक जिज्ञासा नै यस अध्ययनको समाधेय समस्या हो ।

**उद्देश्य**

करुणरससम्बन्धी शास्त्रीय आवधारणा प्रस्तुत गर्दै त्यसकै आधारमा माधवी उपन्यासका प्रमुख तथा सहायक चरित्रका जीवन गाथामा रहेको कारुणिक स्पन्दनलाई चरित्रनिष्ट कारुणिताका आधारमा अधययन गर्नु यस आलेखको उद्देश्य रहेको छ ।

**शब्दकुञ्जी :** करुणरस, विप्रलम्भ, उत्तर वैदिक समाज, दासमोचन, श्यामकर्ण ।

**रससम्बन्धी शास्त्रीय अवधारणा**

पूर्वीय दर्शन र काव्यशास्त्रहरूमा रस शब्दको अर्थविस्तार विभिन्न क्षेत्रमा भएको पाइन्छ । रसशब्दले पदार्थ रसलाई बुझाउँदा कुनै तरल पदार्थ जस्तो कि फलफूल, झारपात, दुध, पानी आदिको रस, मासुको रस, सोमरस जस्ता पदार्थमा विस्तार भएको पाइन्छ । रस शब्द आयुर्वेद शास्त्रमा पनि उत्तिकै प्रचलित छ । आयुर्वेदमा रस शब्द गुलियो, नुनिलो, अमिलो, तितो, टर्रो र पिरो गरी षड्रसमा अर्थविस्तार भएको पाइन्छ । यी पनि पदार्थ विशेषकै झोल हुन् । यसरी अर्थविस्तार भएको षड्रसलाई स्वादभन्दा पनि गुणका अर्थमा अर्थ्याइएको पाइन्छ (शर्मा, २०२५, पृ. १९) । यस अर्थमा बुझ्दा पदार्थ रस औषधीय गुण भएको शक्तिवर्धक र अलग अलग स्वाद भएको पदार्थ हो । साहित्यमा रसलाई काव्यसौन्दर्य एवं त्यसको आस्वादन दुवै अर्थमा बुझ्नु पर्ने हुन्छ । रसलाई वात्सल्यता, मोक्ष वा भक्ति प्रदर्शनका सन्दर्भमा पनि प्रयोग गरिन्छ । आफ्नो सन्तान वा कसै प्रति गरिने वात्सल्य प्रेममा वात्सल्य रस रहन्छ । आत्माको आनन्दका निम्ति जुन भजन-कीर्तन हुन्छ त्यसलाई नै मोक्षरसका रूपमा परिभाषित गरिएको छ । यसरी रसको अर्थ विस्तार पदार्थरस, आयुर्वेदको रस, साहित्यको रस र मोक्षरस/भक्तिरसका क्षेत्रमा भएको पाइन्छ (शर्मा, २०२५, पृ. २०) । साहित्यमा रसको तात्पर्य काव्यानन्द नै हो । व्याकरणका अनुसार रस्यते इति रसः, रसआस्वादनस्नेहयोः, रसते इति रसः भनेर रसको व्युत्पत्ति गरिएको छ । यी व्युत्पत्ति अनुसार रस आस्वादित हुन्छ । रसमा द्रवत्व र स्वादत्व गुण हुन्छ । रसका यी सबै व्युत्पत्तिमा स्वाद र आनन्दको गुण स्पष्टतः सर्वमान्य छ । त्यसको ग्रहण गर्ने माध्यम भने जिह्वा, सूक्ष्मइन्द्रिय, मस्तिष्क वा आत्मा हुन सक्छ (नगेन्द्र, सन् १९७७, पृ.३३) ।

मानव जीवन द्वन्द्वाश्रित छ । यसै द्वन्द्वबाट अनेकौं मनोभावनाको उत्पत्ति हुन्छ । तिनै मनोभावनाबाट उत्पन्न हुने अनेकौं रसमध्ये करुणरस पनि एक हो । मनोभावलाई संज्ञानात्मक, भावनात्मक र क्रियात्मक रूपमा अनुभव गरिन्छ । कुनै वस्तुको परिज्ञान गर्नु संज्ञान हो भने त्यस वस्तुको ज्ञानका आधारमा मानव मनभित्र रति या विरति पैदा हुनु भाव हो । त्यसै रति या विरतिले कुनै पात्र, प्रवृत्ति या स्वभावप्रति आकर्षण वा विकर्षण हुनु क्रिया हो । यिनै संज्ञान, भाव र क्रियाको योगबाट विशेष ज्ञान प्राप्त भई मानिस क्रियात्मक रूपमा अघि बढ्न वा पछि हट्न तत्पर हुन्छ (श्रीवात्सव, सन् १९६१, पृ. १९) । मानव मनोभावना प्रारम्भिक रूपमा उत्तेजना, विकलता वा निस्पृहताका रूपमा प्रकट हुन्छ । यिनै मानसिक दशाबाट करुण भावनाका सथै सहचारी भावना समेत विकसित हुन्छ । यसै अनुरूप मानिस सुरुमा रुने, त्यसपछि आँखा मिचेर अश्रुमोचन गर्ने, कालान्तरमा विषादपूर्ण उद्गारहरू प्रकट गर्ने गर्छ । यस्ता प्रवृत्ति मानव जीवनका करुणामय ऊहापोहमा देखा पर्ने प्रमुख अवस्था हुन् । यस पछिको अवस्थामा करुणाको अभिव्यञ्जना क्रमशः परिवर्तन हुँदै जान्छ । यो परिवर्तन व्यक्ति, जाति, समुदाय, समाज आदिका आधारमा देश, काल र परिवेशअनुसार फरक रूपमा प्रकट हुने गर्छ । पात्रको लैङ्गिकताका आधामा पनि करुणाको अभिव्यक्ति फरक रूपमा प्रकट भएको पाइन्छ । जीवनको असहाय एवं विवश अवस्थामा भोग्नु परेको अनिष्टलाई समन गर्न नसक्दा नै दुःख वा आत्मग्लानिको अनुभवद्वारा करुणाको अनुभूति हुन्छ ।

यसरी गरिने करुणानुभूतिलाई मानवले अरूहरूबाट प्राप्त हुने शान्त्वना र भाग्यवादको आडमा शमन गर्ने कोशिस गर्छ । मानव जीवन सच्चित स्वरुप हो र सच्चिदानन्द बन्ने आकांक्षामा ऊ सँधै तल्लीन रहन्छ । आनन्द प्राप्ति नै जीवनको अन्तिम लक्ष्य हुने भएकाले मानिस रसानुभूतिका समयमा लौकिक रागद्वेषबाट विरत भएर सत्त्वावस्थामा पुग्छ । यो नै हृदयको उन्मुक्तावस्था हो । आनन्दानुभूति मूलतः अविभाज्य हुन्छ । यसकारण कुनै कृतिमा आस्वादन गरिने शृङ्गार, हास्य, करुणादि रसको विभेद आनन्दानुभूतिको प्रकारान्तर भेद मात्र हो । नाट्यशास्त्री आचर्य भरतमुनिले 'इष्टवध दर्शन वा प्रतिकुल वाणी श्रवण'बाट करुणरस उत्पन्न हुने उल्लेख गरेका छन् । आचार्य दण्डिका अनुसार 'इष्टनाश आदिका कारण हुन जाने चित्तव्याकूलता' नै शोक हो । आचार्य धनञ्जयका अनुसार 'इष्टनाश वा अनिष्टको प्राप्तिबाट शोकसन्तप्त आत्मा'ले करुणरस अनुभव गर्दछ । पाश्चात्य जगतमा खासगरी वन्डट (ध्गलमत) ले शोक (न्चष्भा) लाई नै करूणरसको कारक मान्दै यो स्वसंवेद्य र परसंवेद्य हुने उल्लेख गरेका छन् (श्रीवात्सव, सन् १९६१, पृ. ३०) । आचार्य भरतले करुणरसलाई धर्मोपघातक, अपचयोद्भव र शोककृत गरी तीन प्रकार बताएका छन् । शारदातनयले मानसिक, वाचिक र कायिक तीन प्रकार बताएका छन् । यस्तै भानुदत्तले स्वनिनष्ट र परनिष्ट दुईप्रकार बताएका छन् । यसरी करुणरस उत्पत्तिका चार सिद्धान्त उल्लेख गरिएको पाइन्छ ।

१. उत्पत्तिमूलक- अभिमानवृत्ति, इच्छा एवं प्राकृतिक गुणबाट करुणरस उत्पन्न हुन्छ भनी मानेको अवस्था ।
२. परम्परानुगत- भरत मुनि र शारदातनयले अथर्ववेदबाट रौद्ररसको उत्पत्ति भई त्यसलाई नै करुणरस उत्पत्तिको कारक मानेको अवस्था ।
३. रूपप्रकाशक- महर्षि व्यासका अनुसार शिवलीला, दक्षयज्ञको विध्वंश र त्यहाँ देखिएको अलापविलापबाट करुणरस उत्पन्न भएको भनी मानेको अवस्था ।
४. समानधर्मी- तैत्तिरियोपनिषद्ले परमानन्दको अनुभूतिलाई रस मान्दछ। श्रुतिले पुण्यरूप भगवान्प्रतिको आनन्दानुभूतिलाई रस उत्पत्तिको कारण मानेको छ । जिवात्माले रसका माध्यमबाट नै आनन्दानुभूति प्राप्त गर्छ भनी मानेको अवस्था ।

यसरी उल्लिखि सिद्धान्तका आधारमा करुणरसको अनुभूति सुखात्मक र दुःखात्मक दुवै रूपमा गरिन्छ । नाट्य दर्पणका रचनाकार रामचन्द्र गुणचन्द्रले सुखदुःखात्मको रसः भनेर करुणरसलाई नै सङ्केत गरेका छन् । करुणरसको श्रवणमा श्रोता विशेष क्लेशपूर्ण दशामा पुग्छ । उसको उद्वेगलाई दृष्टिगत गर्दा यो सुखात्मक हुँदैन । त्यसर्थ रसकलिकाका लेखक रुद्रभट्टले करुणरसको अनुभूति दुःखात्मक र रसास्वादनको अवस्था सुखात्मक हुने उल्लेख गरेका छन् (श्रीवास्तव, सन् १९६१, पृ. ८६) । रसानुभूतिका शारीरिक, मानसिक र बौद्धिक तीन रूप हुन्छन् । यी तीनै रूपमा रसको अनुभूति उत्तरोत्तर अप्रत्यक्ष एवं सूक्ष्म हुने गर्छ । अनुभाव र सञ्चारीभावको दृष्टिले विप्रलम्भ शृङ्गार करुणरसको सबैभन्दा नजिक देखिन्छ । यस कारण भरत मुनिदेखि वर्तमान कालसम्म काव्य तत्त्वका सम्बन्धमा जेजस्ता भाष्य निर्माण भएका छन् ती दुवैका बिचको सम्बन्ध स्पष्ट पार्ने तर्फ ध्यान दिनु पर्दछ भन्ने धारणा पनि करुणरसका सम्बन्धमा मननीय रहेको छ (वर्मा समेत, सन् १९८५, पृ. १६९) ।

साहित्यमा प्रयोग गरिदै आएको रसभावलाई नौ प्रकारको मानिएको छ । ती शृङ्गार, हास्य, करुण, रौद्र, वीर, भयानक, वीभत्स, शान्त र अद्भूत हुन् । पछि वात्सल्य रस नामको अर्को रस पनि स्थापित गरिएको पाइन्छ । यस आलेखको सन्दर्भ साहित्यिक रसमा पनि करुणरससँग सम्बन्धित छ । यस आलेखमा उल्लिखित नौ रसहरूमध्ये माधवी उपन्यासमा करुणरसको अनुभूतिका साथै त्यसको प्रयोगावस्थाको अध्ययन, खोज र विश्लेषण गरिएको छ । साहित्यशास्त्रहरूमा करुणरसको तीन भेद मानिएको छ । ती धर्मोपघातज, अपचयोद्भव र शोककृत हुन् । रसको सर्वप्रथम विवेचना गर्ने आदि आचार्य भरतमुनिले आठओटा नाट्यरस प्रतिपादन गर्दा रौद्रस्तु करुणो रसः भनेर करुणरस उत्पत्तिको कारक रौद्ररसलाई मानेका छन् । नाट्याचार्य भवभूतिले भने एक रसवादी मान्यता अघि सारेर करुणरस मात्रै रस हो भनेका छन् । उनले

उत्तर रामचरित नाटकमा करुणरसका सम्बन्धमा लेखेका छन्-

एको रसः करुण एव निमित्तभेदाद्भिन्नः पृथक्पृथगिवाश्रयते विवर्तान् ।
आवर्तबुद्बुदतरङ्गमयान्विकारानम्भो यथा सलिलमेव हि तत् समग्रम् ॥


(भवभूति, सन् १९२५, पृ. ९९)

यसरी भवभूतिले करुणरस मात्रै एउटा स्थायी रस हो, अरू रस केवल निमित्त भेदका कारण पृथक् पृथक् सुनिन्छ भन्ने मान्यता अघि सार्दै अरू रस त पानीमा उठेका तरङ्गका विकार रूपी फोका मात्र भएको उल्लेख गरेका छन् । तीनको समग्र एकत्व करुणरसमा नै पाइन्छ भन्ने विचार भवभूतिले प्रकट गरेका छन् । यस अर्थमा करुणरस नै साहित्यमा सबैभन्दा महत्त्वपूर्ण रस मानिएको छ ।

**विश्लेषणको पर्याधार**

प्रस्तुत आलेख मदनमणि दीक्षितको माधवी उपन्यासमा करुणरसको अनुभूति सम्बन्धी अध्ययन भएकाले मूलतः करुणरसमा केन्द्रित रही माधवी उपन्यासमा करुणरसको प्रयोगावस्थाको खोज र विश्लेषण गरिएको छ । माधवी उपन्यासको सम्पूर्ण आख्यानमा करुण-विप्रलम्भ शृङ्गारको अनुभूति हुन्छ । यद्यपि करुणरसको स्थायीभाव शोक र विप्रलम्भको स्थायीभाव रति हो । माधवीमा इष्टजननाश जनित शोकको अवस्था भने देखिदैन । तर पनि इष्टजन वियोगावस्थाका कारण यसको आख्यान औत्सुक्य, चिन्तन एवं चिन्ता प्रधान भएकाले विप्रलम्भ शृङ्गार सापेक्ष रहन गएको छ । रति र शोक भावनाको मिश्रित अवस्थामा रस निर्णय अन्यौलपूर्ण हुन्छ तापनि यस्तो मिश्रित स्थितिमा करुण-शृङ्गार र करुण-वात्सल्य दुई पृथक् भेदको परिकल्पना गरी रस निरूपण गर्न सकिन्छ । यसरी हेर्दा दुई अवस्थाको उपस्थिति रहन सक्छ । पहिलो- प्रियजन वियोग जनित आफ्नो विरहावस्थाको विलाप, दोस्रो- वियुक्त प्रियजनका सम्बन्धमा आशङ्का, उसले बेहोर्नु पर्ने चिन्ता, चिन्तनका कारण उत्पन्न हुने विषाद र क्षोभ । यिनै दुई अवस्थामा स्वनिष्ट र परनिष्ट करुणरसको अनुभूति हुन सक्छ । करुणाको आश्रयस्थाल प्रमुख पात्र आफैं छ भने स्वनिष्ट करुणरसको अनुभूति हुन्छ र करुणाको आश्रयस्थल इतर पात्रहरूमा छ भने परनिष्ट करुणरसको अनुभूति हुन जान्छ । यसर्थ यी दुवै अवस्था वियुक्त प्रियजनका सम्बन्धमा गरिने आशङ्का, उसले पाउन सक्ने वा भोग्नु पर्ने हण्डर, दुःख, कष्टप्रतिको चिन्ता र दैन्यभाव, आशङ्काबाट उत्पन्न चिन्ताजनित विषाद र क्षोभ अनि अनेकौं चिन्तन अदिमा करुण-शृङ्गार र करुण-वात्सल्य रहेको हुन्छ । यिनै दुई अवस्थामा स्वनिष्ट र परनिष्ट करुणानुभूति हुन सक्छ । यसै पर्याधारमा आधारित रहेर माधवी उपन्यसमा करुणसरको अनुभूति विश्लेषण हेतु एउटा ढाँचा निर्माण गरिएको छ । जस अनुसार करुणरसको आश्रयस्थाल स्वनिष्ट (नायक नायिका) गालव र माधवी तथा परनिष्ट (इतर) चरित्र दासदासी र अन्य चरित्रगत करुणाको अध्ययन र विश्लेषण गरिएको छ । तालिकामा विशलेषणढाँचा यस प्रकार छ-

प्रस्तुत ढाँचाको निर्माण ब्रजवासीलाल श्रीवास्तवको करुणरस (सन् १९६१) नामक ग्रन्थको अध्ययन गरी त्यसबाट प्राप्त सूचनाका आधारमा गरिएको हो । यही नै यस अध्ययनको पर्याधार पनि हो । माधवी उपन्यासमा करुणरसको अनुभूतिको अध्ययन र विश्लेषण यसै पर्याधारका आधारमा गरिएको छ ।




**अध्ययनको विधि**

प्रस्तुत माधवी उपन्यासमा करुणरसको अनुभूति शीर्षक आलेख पुस्तकालयीय अध्ययन विधिका अधारमा तयार पारिएको हो । माधवी उपन्यास नै यसको प्राथमिक अध्ययन सामग्री हो । यस बाहेक करुणरस र रससम्बन्धी अन्य पुस्तक तथा

लेखरचनाहरू यसका द्वितीयक अध्ययन सामग्री हुन् । प्रस्तुत करुणरसको अध्ययन आगमन विधिको उपयोग गरी तयार पारिएको हो । करुणरससम्बन्धी शास्त्रीय मान्यतालाई सूत्रवद्ध गरी पात्रमा रहने रसनिष्टताका आधारमा यसको विश्लेषण गरिएको छ । यसरी विश्लेषण गर्दा पात्रमा रहेको रसानुभूतिलाई उपन्यासका हरपबाट उदाहरण प्रस्तुत गरिएको छ । प्रस्तुत आलेख माधवी उपन्यासमा करुणरसको अनुभूति विश्लेषणमा मात्र केन्द्रित छ ।

**माधवी उपन्यासमा करूणरसको अनुभूति**

मदनमणि दीक्षितको माधवी उपन्यासमा मूलतः विप्रलम्भ करुणाको व्याप्ति रहेको छ । यसमा प्रस्तुत विषय उत्तर वैदिक कलीन गाथामा वर्णित चतुःराष्ट्र वाजपेय यज्ञ, यज्ञ गर्नुको कारण, यज्ञकर्ताहरूको जन्म र वंश, त्यसका प्रमुख नायक नायिका, तीनको जीवन सङ्घर्ष, युवावस्थादेखि वृद्धावस्थासम्मको अनुराग एवं मन, वचन, कर्मले एक भएर पनि अर्धाङ्ग हुन नसकेका प्रमुख पात्रका दुःखी, सङ्घर्षशील, निस्पृह तर आशावादी जीवन शैलीका विषयमा फैलिएको छ । अमोहमस्मि र ॐ नमो नारायण मन्त्रका उपासक वैष्णव माधवी र गालव आजीवन एक अर्कामा समर्पित भई कहिले सँगसँगै र कहिले एक्लाएक्लै अनेकौं देशदेशावर, जनपद, श्रेणी, कृषि र वनप्रान्तहरूमा पुग्छन् । उनीहरू एक अर्काप्रति पूर्ण समर्पित छन् तर पनि एक अर्काको भएर वैवाहिक गार्हथ्य जीवन सूत्रमा बाँधिन नपाईकनै वृद्धावस्थामा पुग्छन् । युवावस्थाबाटै विछोड हुन पुगेका उनीहरू आआफ्नै किसिमबाट एकले अर्कालाई खोज्दै यायावरी यात्राका क्रममा वसुमना (कोशल), प्रतर्दन (काशी), शिवि (भोजनगर) र अष्टक (चम्पा) का चतुःराष्ट्र सम्राट्हरूद्वारा आयोजित वाजपेय यज्ञमा आकस्मिक रूपमा भेटिन्छन् र त्यहीं माधवीले आफ्नो लामो जीवन यात्राका ऊहापोह सम्राट् छोराहरू समक्ष व्यक्त गर्छिन् । वैष्णव गालवले उनलाई साथ दिन्छन् । यसै क्रममा माधवी उपन्यासमा उनीहरूका जीवन भोगाइको तौरतरिका, तिनका यायावरीय जीवन शैली र सबैतिर भएका दासविमोचनका प्रयासको कारुणिक गाथालाई गालव, माधवी, दासदासी र अन्य चरित्रको केन्द्रियतामा प्रस्तुत गरिएको छ ।

**गालवनिष्ट करुणा**

प्रचीन भारत वर्षको कोशल, काशी, भोजनगर र चम्पा आदि राज्य र जनपदहरूमा रहेको आर्य असुर भेद एवं स्वामी र दासमा भएको समाज विभाजनबाट उत्पन्न विग्रह निवारण गर्न र संसारबाटै दास विमोचन गरी मानवीय मर्यादा कायम गराउने हेतुले आचार्य विश्वामित्रले थालेको अभियानलाई उनका मानस पुत्र एवं माधवीका पुत्रहरूले सम्पन्न गर्न लागेको चतुःराष्ट्र वाजपेय यज्ञमा अकस्मात् पुगेको गालव, वास्तवमा लामो समयदेखि विछोड भएकी माधवीलाई खोज्दै भौतारिएर अन्जान र अनायासै वनप्रान्तबाट निस्किएर त्यहाँ पुगेको थियो । त्यहाँ ऊभन्दा अगाडि नै पुगिसकेकी माधवीलाई देखेर आश्चर्यका साथ सम्बोधन गर्दै रस निरुपण गर्छ "देवी ! रस नै जीवन हो अवश्य परन्तु जीवनको तुलना कुन रसलाई कहिले राख्ने भन्नेमा अलमल हुन गयो भने प्राण निम्ति असैह्य पनि त हुन जाला" (दीक्षित, २०३९, पृ. १५) भनेर जीवन सरमय भएको र रसको प्रयोग उचित समयमा हुनुपर्छ नत्र त्यो कष्टकर हुन सक्छ भन्दै विप्रलम्ब भाव व्यक्त गर्छ । चतुराष्ट्र वाजपेय यज्ञमा गालवभन्दा पहिले नै मृगछौनाको बाटो पछ्याउँदै पुगेकी माधवीको सल्लाहबमोजम माध्यन्दिन सवन पछिको गाथा गायन गर्न गालवलाई नै अनुरोध गरिएको छ ।

माधवीले गालवलाई पटक पटक मुनिकुमार भनी सम्बोधा गरेपछि वसुमना र अष्टकले 'यो के रहस्या हो ?' भनी जिज्ञासा साखेकाले माधवी गालवको परिचय गराउँदै भन्छे- "पुत्र वसुमना, बुद्धि, ज्ञान, आयु र विवेकमा श्रेष्ठ छन् अतः यी आर्य गालव ऋषि आचार्य हुन्, यिनी मन्त्रद्रष्टा हुन् । काततायकमा यिनी मन्त्रद्रष्टा भए । तथापि प्रथम भेटमा मैले जस्तो देखेकी थिएँ यिनलाई, आफ्नो त्यो पौगण्डमा नै रहेका जस्ता देखिन्छन् अझै पनि यी मुनिकामार । तर भैगो, यी हाम्रा कुरा हुन् । ती अतीतलाई अहिले नकोटचाऊँ । यिनको त्यो मुनिकुमार जनित दर्पले गर्दा नै सबै काण्ड ऊर्णनाभबाट तन्तु झैं एकपछि अर्को गरी निःसृत हुँदै गएका थिए" (पृ. १६) । यहाँ माधवीले मुनिकुमारको द्रष्टा व्यक्तित्वको परिचय गराउँदै उनको घमण्डका कारण नै यो सबै घटना र कारुणि जीवन गाथा निर्माण भएको कुरा सङ्केत गरेकी छ ।

मुनिकुमार गालव छपन्न वर्ष अगाडि माधवीलाई हर्यश्वसामु सुम्पिएको घटना सम्झदै मनमनै व्याकुल भएर स्मरण

गर्छ- “त्यो दिन सम्पूर्ण शृङ्गार गरेर तर पीडित हृदय लिएर महामाया माधवी हर्यश्वको दारक्रियामा सम्मिलित हुन गएकी थिई…तर आज त्यही माधवी प्रकट भएकी थिई हर्यश्वको होइन कि उसको छेउमा” (पृ. १९) । यहाँ आफ्नो विगत सम्झिएर गालव सजल नेत्र करुणाको अनुभूति गर्छ । गुरु दक्षिणाको भारबाट मुक्त भई तिर्यक् योनीमा पर्नबाट बच्ने उपायको खोजीमा गालव आफ्नो अनन्य मित्र सुपर्ण नागजेय कहाँ पुग्दा उनैबाट ययातिसँग श्यामकर्ण घोडा हुन सक्ने जानकरी पाई उनीहरू ययाति प्रासादमा गएका थिए । विश्वामित्रले घोडा दक्षिणा माग्नुको कारण दासविमोचनार्थ चारै दिशामा चारओटा अश्वमेध यज्ञ गर्ने उद्देश्य हुन सक्ने सङ्केत पनि सुपर्णबाटै पाएको थियो गालवले । महर्षि विश्वामित्र गृहदासहरूलाई अमानवीय यातना दिएर धनैश्वर्य सङ्कलन गराउनु महा पाप ठान्थे । त्यसैले उनी दासविमोचन यज्ञ गर्न चाहन्थे । ययातिसँग श्यामकर्ण घोडा थिएन तर पनि घोडा प्राप्तिको आकाङ्क्षा राख्ने गालवलाई दानशील ययाति खालिहात फर्काउन सक्दैनथ्यो । उसले आफ्नी पुत्री माधवीलाई श्यामकर्ण घोडा प्राप्तिको माध्यम बनाउन अनुरोध गर्दै कार्य सम्पन्न भएपछि कन्याकै रूपमा आफू कहाँ फिर्ता गर्ने शर्तमा माधवी गालवलाई दान गरिदिन्छ । त्यपछि गालव र माधवीको यात्रा अध्यायो तर्फ लक्षित रहन्छ । नौकामा कुराकानी गर्दै एकअर्कालाई बुझ्दै थिए । माता घोषाको आतिथ्य पश्चात् हर्यश्वको केशशुःल्का हुन लागेकी माधवीको स्वभावलाई नियाल्दै गरेको गालव मनमनै शोच्छ- “त्यस्ती कठोर युवतीसित चारओटा श्याकर्ण प्राप्त गर्ने समयसम्म सँगै रहनु पर्ने छ भन्ने सम्झिएर एक पटक गालव झस्कियो पनि । ऊ त्रस्त भयो, आँसु झर्न आँटेका नेत्रलाई सरयूजलबाट उठाएर उसले माधवीतिर फर्कायो” (पृ. १४७) । यहाँ गालव विप्रलम्भ करुणामा रूमलिएको छ । ऊ माधवीसँगै हुनेछ तापनि उनीहरू एक आर्काको भएर बस्न पाउने छैनन् । यो गालवको जीवनमा पहिलो कारुणिक वियोग बनेको छ ।

गुरु विश्वामित्रले आफूलाई त्यति कठिन गुरुदक्षिणा माग गरेकोमा केही क्षुब्ध हुँदै र आफैँलाई निरीह ठान्दै जीवनमा कति दारुणता भोग्नु पर्ने होला भन्ने चिन्ता गर्छ । माधवीले उसको तपस्यालाई निर्विघ्न सिद्ध गर्न आफ्नो जीवनको सम्पूर्ण आनन्दलाई बलि दिई रहने प्रतिबद्धता दर्साएको सम्झँदै एक दिन ऊ-“आफ्नो हृदयका चारैतिर विचारको पर्खाल लगाउन थल्यो । तर केही क्षणपछि नै भावनाहरू वेदनाका पर्खालमा पणित हुन थालेको अनुभव गऱ्यो उसले । आफ्नो हृदयलाई वेदनाको पर्खालभित्र थुन्नु परेकोमा ऊ दुःखित भयो, उसको मुटुमा गाँठो पऱ्यो । ऊ विचलित हुन थाल्यो र चिन्तित हुँदाहुँदै गालव निदायो” (पृ.१५५) । यस्तै माधवी हर्यश्वको दारक्रियामा समेल हुन शृङ्गारमा व्यस्त हुँदै गालवसँग कस्तो शृङ्गार गरुँ भन्ने प्रश्न गर्छे र सिंगारिएको वधुका रूपमा पाउनलाई नै त हर्यश्वले आफूलाई श्याकर्णको केशशुःल्का अर्पित गरेका हुन् । आफू पनि हर्यश्लाई पाउन उत्कण्ठित भएको बताउँछे माधवी । उसका शब्द सरल र स्वर नम्र भए तापनि त्यसले गालवलाई बिझाउँछ र -“त्यही नै गालव निम्ति झन् असह्य हुन्छ । माधवीले सबै कुरा आफ्नै बारे भनेकी थिई तर ती प्रत्येक शब्द गालवनिम्ति नाराचवाण जस्ता गाँठो परेका ताता र रापिला भए । आफ्नो मुटु कुनै ओखलमा छट्पटाइरहेको र त्यसमाथि कुनै मुसलले छ्याम् छ्याम् कुटिरहे जस्तो लाग्यो उसलाई” (पृ.१७६) यहाँ गालवको वेदना मुटुभित्रैदेखि उकुसमकुस भएर पोखिएको छ । उसको यो वेदनामा कारुणिक र दयनीय जीवनको अव्यक्त वेदना प्रकट भएको हो ।

हर्यश्वबाट श्यामकर्णको प्राप्तिपछि एकान्तस्थल कर्णिकाको रुखमुनि बसेर घोडा मुसार्दै गरेको गालवलाई देखेर माधवी राजाले निमन्त्रणा गरेको सग्धिसपितिमा नजाने विचार गऱ्यौ कि ? भनेर सोध्छे । त्यसबेला माधवी स्वयं पनि दुःखित थिई । गालव अत्यन्तै दुःखित र पीडित थियो । ऊ काँतर र निरास हुँदै परम वेदनामा रुमलिएको देखिन्थ्यो । उसले माधवीतिर फर्किएर हेर्दा उसको मनोदशा नैराश्यपूर्ण भएको कुरा उपन्यसका हरफमा भनिएको छ- “उसका आँखा वर्षिनै आँटेका काला मेघ जस्ता थिए । मुहारमा दैन्य प्रष्ट थियो । माधवी र उसका बिच अलङ्घ्य व्यवधान खडा भएको छ र त्यो व्यवधान उसका निम्ति असह्य भएको छ भन्ने कुरा उसको मुख हेर्ना साथ छर्लङ्ग भइरहेको थियो” (पृ.१८४) । उसको अवस्था देखेर माधवीले त्यसै श्मकर्णमा चढेर भागौं भन्ने प्रस्ताव पनि गरेकी तर त्यसो गर्दा आफ्नो तपोभङ्ग हुने निश्चित भएकाले गालव त्यो मार्ग त्याज्य भएको विचार प्रकट गर्छ । उनीहरूबिच यस्तो विमर्श चलिरहँदा तिनका हृदय करुणामा

द्रवित भएको थियो । फेरि पनि उनीहरू विस्तारै सम्हालिएर आफ्नो इष्टसिद्धिमा अडिग रहन्छन् ।

हर्यश्वको सभामा गालवसँग वाकोवाकमा हारेको दरबारिया पण्डित प्रयुत नतमस्तक थियो । उसले बाह्रौँ प्रश्नसम्म त जेनतेन उत्तर दियो तर तेह्रौँ प्रश्नमा पुगेपछि सम्पूर्ण उत्तर दिन सकेन र अधोमुख लाएर बसिरह्यो । यस्तो अवस्थामा गालवलाई दया र करुणा जाग्छ । गालव संयमतापूर्वक राजा दिवोदासलाई भन्छ- “राजन् दिवोदास, आचार्य प्रयुत आफ्नो वाक्यमा आफ्नै अज्ञानद्वारा पराजित छन्, त्यो नै उनको मृत्यु र अवसान हो, अनुबन्ध हारेकालाई मैले गङ्गामा डुबाएर फेरि किन प्राण हरण गर्नु पर्‍यो ? ऋषि विश्वामित्रको अन्तेवासिन्, देवी माधवीसँगै तपश्चर्यमा संलग्न यो गालव मृत्यु होइन कि जीवनमाथि आस्था र विश्वास राख्छ । अमोहमस्मिमा दासहरूले विमोचन पाएका छन् । अतः आचार्यलाई म सम्मानपूर्वक नमस्कार गर्छु र यो पराजयबाट मुक्त गर्छु नत्रभने यो यज्ञसभाको जो निर्देशन” (पृ.३३३) । यसरी गालवले आचार्य प्रयुतलाई जलसमाधिमा जानबाट मुक्ति दिएको छ । यहाँ गालवको अन्तस्करणबाट दया र करुणा जागेकाले नै प्रतिशोधको भाव दमित भई कारुणिकतामा परिणत भएको अनुभूति जो कोही भावकले गर्न सक्छ ।

जीवनको एउटा सीमामा पुग्दा गालव अत्यन्तै बिरामी हुन्छ । ऊ एकदिन पानीमा भिज्दै आकाश स्नान गरेकाले बिरामी पर्छ । उसको ज्वरो १२ दिनसम्म पनि निमन हुँदैन । गालवको अवस्था देखेर माधवी क्षुब्ध हुन्छे । माधवी पनि गालवको सेवानिम्ति चित्राङ्गदासँग प्रतिबाहुकै घरमा रहन थाली- “अचेत गालवको सिह्रानमा बसेर कपाल सुम्सुम्याउँदै माधवी सान्त्वना दिइरहेकी थिई र आफै झन् झन् भयग्रस्त हुँदै थिई । चित्राङ्गदाले देखी-माधवीको चिन्ताले गालवलाई र स्वयं उसैलाई पनि अनावश्यक दुःख दिइरहेको छ” (पृ. ३७०) । यहाँ गालवको दयनीय अवस्थामा कारुणिकता रहेको छ । उसको अवस्थाले माधवी र चित्राङ्गदालाई पगालेको छ । चित्राङ्गदा माधवीलाई सम्झाउँदै तिनको आँसु र चिन्ताले युवकलाई झन कष्ट हुने भएकाले आँसु नदेखाउन अनुरोध गर्छे । उसले माधवीलाई धैर्यवान् हुन अनुरोध गर्छे । गालवले प्रलापका क्रममा कयौँ पटक माता सुकेशीलाई सम्झियो । ती सबै घटनामा गालवलाई देखेर भावकमा करुणाको सञ्चार हुन जान्छ ।

माधवीले दोस्रो श्यामकर्ण घोडाको लागि काशीराज दिवोदासनिम्ति दोस्रो पुत्र जन्माए पछि तेस्रो श्यामकर्णको प्राप्तिहेतु माधवी र गालव भोज नगर प्रस्थान गर्छन् । भोजराज शिविलाई दुईटा घोडा दिएर माधवीबाट सूर्यचन्द्रसमाका दुई पुत्र जन्माउन अनुरोध गर्छ गालव तर एउटा घोडामात्र प्राप्त हुने बुझेपछि चौथो घोडा भएको देश पत्तालगाउन आफू त्यहाँबाट प्रस्थान गर्ने विचार गर्छ । उसले अयोध्या र काशीमा माधवी सुम्पिदा भन्दा भोजनगरमा सुम्पिदा निकै असहज महसुस गरेको विषय उद्धरणबाट स्पष्ट हुन्छ- “भोजनगरमा उसले आफूलाई साह्रै एक्लो र असहाय अनुभव गर्‍यो । माधवीसामु आफू धैर्यधारण गर्न सक्नेमा उसमा प्रातःकालदेखि नै शङ्का बढ्दो थियो । त्यसैले भोजनगरबाट सकेसम्म छिटो अन्यत्र गइहाल्ने र उशीनरलाई माधवीबाट पुत्रलाभ भएपछि मात्र चौथो घोडा खोज्न अफू त्यहाँ आउनेबारे विचार गर्दै थियो” (पृ. ४४८) । यसरी गालव आफूले माधवीलाई ठाउँ ठाउँ घोडामा साट्दै हिँड्नु परेकोमा अत्यन्तै दुःखित र चिन्तित देखिन्थ्यो । उसलाई भोजनगरमा एकछिन बस्ने मन थिएन । उसको सोचाइमा ऊ स्वयम् आफूप्रति नै अन्याय गरिरहे जस्तो ठान्दथ्यो । उसले व्यक्त गरेका उल्लिखित विचारबाट एउटा मानव हृदयमा अत्यन्तै कारुणिकता उत्पन्न गर्दछ । गालवभित्र रहेको उकुसमुकुसमा कारुणिक अनुभूति उत्पन्न हुन्छ ।

गालव र माधवीनिम्ति चौथो श्यामर्ण अप्राप्य भएको कुरो सुपर्ण नागजेयले बताउँछ । त्यससछि उनीहरू प्रतिज्ञा कसरी पूरा होला भन्ने चिन्ताले उद्‌विग्न हुन्छन् । सुपर्ण उनीहरूको अवस्था देखेर शान्त्वना दिँदै सबै समस्याले समाधान पनि सँगै लिएर आएको हुन्छ भनी सम्झाउँछ । सुपर्ण चौथो घोडानिम्ति माधवी नै गाधेयलाई अर्पित गरेर एउटा पुत्र जन्माउन भन र कृतकृत्य होऊ भन्ने सल्लाह दिन्छ गालवलाई । उसका कुराले गालव अत्यन्तै विचलित र काँतर स्वरमा भन्छ- “सुपर्ण, विश्वामित्र मेरा कुलपिता र आचार्य हुन् । यी माधवीलाई आचार्यपादमा मैले अर्पित गर्ने ? हा हन्त, मेरो यो जीवन र मेरो तपस्या ! देवी माधवी, के यो न्याय हो ? तिमीलाई म आफैँ आफ्नो आचार्यपत्नीमा अर्पित गरू देवी ? कस्तो संसार

यो ?" (पृ. ४९१) यसरी आफ्नै गुरुसमक्ष माधवी अर्पित गर्ने कुराले गालवलाई निकै आघात पर्दछ। उसको अन्तर्हृदयमा ऊ आफू स्वयंप्रति र माधवीप्रति द्रविभूत भएको छ। यस पछि माधवीतिर फर्किएका उसका दृष्टिमा काँतरता, व्याकुलता र वेदनायुक्त लहर उर्लिएको छ। यहाँ गालव आफैँ किंकर्ताव्यविमूढ, विचलित र कारुणिक बन्न पुगेको छ। यहाँ ऊभित्र रहेको करुणा आँखाबाट छचल्किएर बाहिर आएको देखिन्छ।

गालव र माधवी कालधर मुसिकको घरबाट प्रस्थान गरेपछि आठ दिनको यात्रा शुरु गर्दा धीवरहरूको एउटा डफ्फा पनि उनीहरूसँगै थियो। गालव र माधवी धीवरहरूलाई अनौठा प्राणि लाग्थे। उनीहरू बाटैभरि विवाद गर्दै, कहिले रुँदै, कहिले हाँस्दै, कहिले घण्टौँसम्म नबोल्दै यात्रारत थिए। तर- "तिनका विवाद के विषयलाई लिएर भइरहेका छन् भन्ने कुरा ती धीवरहरू बुभ्दैनथे। विवादको क्रममा कहिले माधवी रुन्थी, कहिले रिसाउँथी, घडीयौंसम्म एकदम मौन रही सबभन्दा पछि पछि आउँथी। अनि गालव फकाउँथ्यो, सम्भ्काउँथ्यो र रिसाएर एउटा रुखमुनि गई आफैँ बसिदिन्थ्यो" (पृ. ५४७)। शोणभद्र नदी पार गर्ने क्रममा आठ दिनसम्म धीवरहरूले गालव र माधवीका अनेकौँ ऊहापोह अनुभव गर्न पाए। अब उनीहरू पनि गालव र माधवीका कुरा विस्तारै बुभ्दै थिए। त्यहाँ अयोध्याका निषाद नाविकहरूसँग भेट भएपछि पुत्र वसुमनाको बढ्दै गरेको बालपनको खबर पाए पनि माधवीले कुनै उत्सुकता देखाएकी छैन। ऊ थकित भएकीले गालवको काखमा पल्टिन्छे। नारी स्पर्शको रोमान्चलाई अनुभव गर्न पाएको गालव पाँच वर्ष देखिको साहचर्यमा रहेको भए तापनि माधवीलाई आफूप्रतिको अनुराग कत्तिको छ भनी प्रश्न गर्छ। जसका निम्ति चार चारओटा पुत्र पाएर साथ दिएकी छु त्यस प्रति अनुराग नहुने प्रश्नै उठ्दैन भन्दै माधवी स्पष्टीकरण दिन्छे। गालव माधवीलाई वारुणी महामायाकी माधवीभन्दा सुन्दर देख्छ। घरी घरी गालवका शब्द घाँटीमै अड्किएर द्रविभूत हुन्छ। यहाँ उसको करुणाको सागर छचल्किएको छ। चौथो श्यामर्णको अनुष्ठान पुरागरी गुरुदक्षिणा भारबाट मुक्त गालव र माधवी तीन साताको यात्रापछि ययाति प्रासादमा पुग्दा त्यहाँ उनीहरूको स्वागत भयो। कौशाम्बी गएको ययातिसँग तीन दिनपछि मात्र उनीहरूको भेट भयो। ययातिले एकै सासमा उनीहरूको पाँच वर्षको तपस्या, यात्रा, अवरोध, कठिनाई र गुरु दक्षिणाभार आदि बारे सोध्यो। आफू दौहित्रवान् भएकोमा माधवीलाई साधुवाद भन्यो। त्यस पछि गालवले ययातिलाई सबै बताउँदै भन्यो- "सम्राट् ! देवी माधवीबाट पुत्रलाभ गरी कोशल, काशी, भोजनगर र अंग जनपदका राजन्यहरू पनि सम्राट्प्रति अनुगृहीत भएका छन्। उशीनर विधिवेत्ताहरूले के भनेका छन् भने हर्यश्वपुत्र वसुमना वीर र पराक्रमी, दिवोदासपुत्र प्रतर्दन ठुलो यज्ञकर्ता, उशीनरपुत्र शिवि महान् कल्याणकारी, धर्मवादी, पापहर्ता वैष्णव तथा विश्वामित्रपुत्र अष्टक ठुलो शास्त्रवेत्ता हुने छन्" (पृ. ५५६)। माधवी बारे सबै कुरा बताउने गालवले आफू गुरुदक्षिणाभारबाट मुक्त भएको कुरा बताउन भुल्यो र माधवीले सम्भ्काई। गालव स्वयं चाहिँ माधवीप्रति ऋणी र ययातिप्रति पनि ऋणी भएको बताउँछ। ययातिसामु गालवले हर्षाश्रु रोक्न नसकेबाट उभित्रको कारुणिक स्पन्दन आँसुका रूपमा छचल्किएर बाहिर देखा परेको छ।

ययातिले माधवी फिर्ता भएर आएपछि गालवलाई उत्तिकै कन्यादान गर्न सकेन। उसले असुर धर्मानुसार तीनोटा सर्तहरू तेर्स्यायो। गालवले कन्याशु:ल्क तिरेर, माधवीले आफ्नो वीर्यशु:ल्क आफैँ तोकेर वा स्वयंवरद्वारा माधवीले गालवलाई वरण गरेर मात्र माधवी प्राप्त गर्न सक्ने निर्णय सुनायो। गालवसँग कन्याशुल्क तिर्ने क्षमता नभएको र माधवीले वीर्यशु:ल्क तोकेर विवाह गर्न नमानेकी हुँदा स्वयंवर विधिबाट माधवीले स्यंवरमा गालवलाई वरण गर्ने कुरामा सहमति भयो। त्यसपछि घटनाले अलग मोड लिने सङ्केत देखा पर्छ। गालवले माधवी सामु गएर भन्यो- "तपोधन माधवी ! सुपर्ण नागजेय मेरा अभिन्न सखा र शिक्षक तथा सहयोगी हुन्। उनकै सल्लाहबाट तिम्रो र मेरो मिलन भएको हो। तिमीले स्नेहसाथ मलाई वरमाला अर्पण गरेको नागजेय आफैँले देखे भने उनी साह्रै खुसी हुनेछन्। यो सुऔसरनिम्ति नागजेयलाई बोलाउन म आफैँ जान्छु। अतः तिमीसित विदा हुन आएको छु" (पृ. ५६३)। यसरी गालवको सोचाइमा केही परिवर्तन आएको महसुस गरेकी माधवीले पाँच वर्षको साहचर्यबाट गालवलाई राम्ररी चिनेकीले अविश्वास गरिन। तर गालव नफर्किने हो कि भन्ने चिन्ताले भने सताई रह्यो। यहाँ गालव आफैँ पनि त्यति विश्वस्त नभएको बुभिन्छ। नागजेयका सम्बन्धमा उसले गरेको टिप्पणीबाट सुखद करुणा भल्किन्छ।

माधवीसँग विदा भएर सुपर्णको खोजीमा गएको गालव चौथो दिनमा सरयू नदी किनारमा गुग्दा त्यहाँ कौलेयसँग भेट भयो । कौलेले सुपर्ण आफूकहाँ एकरात बसेर यमलपर्वतराजलाई भेट्न गएको बतायो । त्यहीं एउटा ग्रामपासँग पनि भेट भयो । उसले कोशलराज हर्यश्वको पाहुना भएर अयोध्या पुगेका सुपर्ण माधवी प्रतिष्ठानपुर फर्किएको थाहा पाएर यमल पर्वत हुँदै माधवी भेट्न जाने कुरा सुनेको बतायो । सुपर्ण कुनै रोगले हो वा गन्धर्वगृहीत भएर हो शैवालिकमै सौरभको पाहुना भएर रहेको केवटहरूबाट थाहा पायो र गालव सरयुबाट प्रस्थान गरी चाथौ दिनमा सौरभको शैवालिक जनपदमा पुग्यो । गालवले सुपर्ण नागजेयको जीवनरक्षानिम्ति आफ्नो यात्राको लक्ष्य परिवर्तन गरी कौलेय र केवटहरूलाई ययाति र माधवीसामु आफ्नो सन्देश लगिदिन अनुरोध गऱ्यो । ऊ जवालाई नभेटी सिधै शैवालिक गएको थियो । गालव पुगेको चौथो पाचौं दिनतिर मात्र सुपर्णले गालवलाई चिन्न सक्यो । सौरभले गालवको सन्देश एउटा निषाद मार्फत प्रतिष्ठानपुर पठायो । तर पनि स्वयंवरको विषयको चिन्ता उसलाई छँदै थियो- "माधवी स्वयंवरसम्बन्धी आफ्नो भित्री उकुसमुकुसले गर्दा गालव साह्रै अधीर र विस्मित हुँदै गएको थियो । त्यो स्वयंवर निम्ति अब नौ दिन मात्र बाँकी थियो । शैवालिकबाट हिँडेमा प्रतिष्ठानपुरसम्म घोडामा पुग्न नौ दिन लाग्छ तैपनि उसले नागजेयसित माधवी र आफ्नोबारे एक शब्द कुरा गर्न पएको थिएन । त्यसमाथि नागजेयलाई त्यस अवस्थामा त्यसै छोडेर आफू स्वयंवरमा वरमाल्य ग्रहण गर्न जाने साहस बटुल्न सकेन" (पृ. ५७१) । यसरी उसले माधवी स्वयंवरमा आफ्नो उपस्थिति असंभव भएको जनउँदै माधवीले आफ्नो स्वविवेक, अनाशक्ति मार्ग र धर्ममा अडिग रहेर उचित निर्णय गरून् भनेर आफ्नो सन्देश पठाएको थियो । जुन दिन माधवी स्वयंवर थियो त्यसै दिन मात्रै सुपर्णले यो कुरा थाहा पायो । सुपर्णले गालवलाई माधवीप्रति वज्र प्रहार गरेर तिमी पतन भइसके छौ भन्यो । गालवलाई आइपरेको यो अवस्थाले उसको जीवनमा अर्को भयानक कारुणिकता निम्त्याएको छ । उसले मित्र सुपर्णबाट पनि कठोर शब्द सुन्नु पऱ्यो । नागजेयले माधवी खोज्न सहयोय गर्ने आश्वासन दिंदै सम्झायो पनि । त्यसबेला ती दुवै मित्रहरू सजल नेत्रमा देखिन्छन् ।

संवालागणमा माधवीको पर्णशाला नजिकै केही मानिसको कल्याङमल्याङ सुनेर उत्सुकता साथ हेरिरहेकी माधवीले सुपर्ण नागजेय र गालवलाई देखी । उनीहरू बिना अनुमती संवाला गणमा प्रवेश गरेको हुँदा शनिशिराका गणले तिनका हात पाता फर्काएर ल्याइएको उसले बुझी । आफूलाई ययाति सभामा लज्जित पारी स्वयंवरबाट पलायन भएको गालवलाई देखेर उसलाई हाँसो उठयो । माधवीले नागजेय र गालवको परिचय दिंदै उनीहरूलाई बन्धन मुक्त गराई । स्वयंलाई आत्म प्रताडित गर्दै माधवीले गालवसँग निकै क्रोधपूर्ण गुनासो गरेकीले गालव भन्छ- "देवी माधवी ! प्रताडनायोग्य म हुँ । यसरी तिमी आत्म-अवसादमा नलाग । तिम्रासमु प्रयाशिचित्त गर्न आएको छु देवी ! क्रोधलाई शान्त पार । मान्दिनौ भने खुट्टा धुन जाऔं इन्द्रायणीतिर, लताकुञ्जले ढाकिएको इन्द्रायणीतट साह्रै नै सुरम्य रहेछ" (पृ. ५८६) । गालवका यस्ता शान्त्वना र पश्चातापमा कारुणिक भाव छ तापनि माधवीलाई पगाल्न सकेन । माधवीले अन्ततः नागजेय र गालवलाई विदा गरेर पिपल चैत्यबाट उसलाई हेरिरही । उसलाई उनीहरू फर्किएर आउलान् कि भन्ने त्रास र आस दुवै थियो ।

संवाला गाणमा शनिशिराको आश्रयमा माधवी रहेको थाहा पाएर गणपति शनिशिरासँग गालव र नागजेयले माधवीको पूर्वकथा बताउँदै उनलाई लिन आएको जानकारी गराए । माधवी विगतमोह भएर यायावरी धर्मबाट विचलित नहुने बुझेर उनीहरूले आफ्नो प्रयास विफल हुने ठाने । नागजेयले मण्डलक जनपद जान अनुरोध गऱ्यो भने गालवले पुत्रहरू वसुमना, प्रतर्दन, शिवी र अष्टकलाई भेट्न जाउँ भन्ने आग्रह गऱ्यो । माधवीले भने आफ्ना पीडालाई मुटुभित्रै गाँठो पारेर गालवको साख्यबाट आफूले धेरै ज्ञान पाएको र नागजेयका कारण गालवको सान्निध्य प्राप्त भएको हुँदा उनीहरूप्रति कृतार्थ भएको बताई । माधवीले आफ्नो जीवनमा जोडिन आएका सबैलाई सम्मान र नमस्कार सुनाइदिन अनुरोध गरी । माधवीले आफ्नो निम्ति क्लेश नगर्न र त्यहाँबाट प्रस्थान गर्न अनुरोध गर्दै इन्द्रायणी तिरको बाटो लागी । उनीहरू पछि लागे र एउटा पाशुपत चैत्यमा पुगे । माधवी दोबाटोमा उभिई र उनीहरूलाई विदा गरेर आफू त्यही चौतारोमा सुस्ताउने विचार गरी । यस स्थितिमा गालवको मनोदशामा रहेको कारुणिकता उल्लेखनीय छ- "गालव विह्वल भयो । उसको मुटुमा गाँठा पर्न थाले । उसले बारम्बार माधवीतिर

फर्केर हेरेकाले नागजेयलाई पनि अत्यन्तै द्रवित पारेको थियो तैपनि दुवै मौन थिए । निकै टाढा पुगेर वन्यप्रान्ततिर मोडिंदा गालवले अन्तिम पटक माधवीतिर दृष्टि फर्कायो" (पृ. ५९२) । गालवको यो मनोदशामा लुकेको कारुणिक अनुभूति नागजेयले गऱ्यो । माधवीको साहचर्या प्राप्त गर्ने अन्तिम प्रयास विफल भएपछि पनि माधवीसँग फेरि भेट होला कि नहोला भन्ने प्रश्नले उसलाई सताइरह्यो ।

गालव र सुपर्ण माधवीसँग छुट्टिएर हिँडेपछि धीवर कौलेयकहाँ पुगे । कौलेयको अभ्यागत भएर तिन दिन बसेपछि ती दुई मित्रहरू आआफ्नो मार्गमा उद्यत भए । नाजेयले गालवलाई संयत भएर बस्दा एक दिन अवश्य नै माधवीसँग साक्षात्कार हुनेछ भनेर शान्त्वना दिन्छ । गालव पनि आफ्नो मनको कल्मष पखाल्न तपनिरत रहने प्रतिज्ञा गर्छ । नागजेय माधवीसँग भेट भएपछि उनलाई लिएर विदेहमा मलाई भेट्न आउनु भन्दै विदा माग्छ । छुट्टिनु पर्दा ती दुवै जना दुःखित हुन्छन् । सुपर्ण जवालाई भेट्ने इरादाले आफ्नो जनपद विदेहतिर लाग्यो भने गालव सरयूतटबाट काम्पिल्यमा कालदन्त नामको शिष्यकहाँ एकवर्ष बसेपछि ऊ कुरुजाङ्गलमा एक वर्ष बसी हरियुपिया हुँदै कालतोयको तक्षशीला पाठशालामा आचार्य भएर बस्यो । त्यहीं उसले काशीमा गुरु विश्वामित्रको देहावसान भएको खबर पायो र त्यहाँबाट काशीतिर लाग्यो । उन्मुक्त दासहरूले गरेको मद्रदेशको समुन्नति देखेर उसले संबालाजनपद र माधवीलाई सम्झियो । उसका सम्झनामा विगत यसरी आउन थाल्यो- "आफू काशीमा बिरामी भएर मृत्युशैयामा पुगेको र उसको पीडालाई अनुभव गरेर उसले आफ्नी आमा सुकेशीलाई प्रलापमा बारम्बार बोलाएकोले वात्सल्य तथा करुणभाववश विह्वल भएकी माधवीले उसका सुकेका संज्ञाहीन नीला ओठमा आफ्नो स्तन राखिदिएकी र माधवीका दुईथोपा आँसु उसको कुममा झरेका इत्यादि सम्झियो" (पृ. ६०८) । यसरी गालव आफ्नो विगतलाई स्मरणमा ल्याएर अत्यन्तै विक्षिप्त र कारुणि बनेको भावदशा यहाँ झल्किएको छ । ऊ अनेकौं दासदासीले विमोचन पाएको सम्झदै शतद्रुबाट हिँडेर केही दिनमा गङ्गाका निषादहरूको वन्यजनपद पुग्यो । त्यहाँ पुराना परिचित केवटहरूसँग भेट भयो । त्यहीं ययातिको देहावसान भएको र माधवी त्यो सुनेर पनि पुरुकहाँ नगएको थाहा पायो । यी घटनाहरूमा हुने करुणरसको अनुभूति अत्यन्तै तीव्र संवेदनायुक्त छ ।

ययातिको देहावसान भएको घटना थाहा पाएर पनि माधवी पुरुकहाँ गइन । ऊ आफ्नो यात्रामा अघि बढ्दै अङ्ग, बङ्ग हुँदै ताम्रलिप्ति जने कुरा कौलेयले केबटहरूलाई बताएको थियो । विश्वामित्रको धर्मपुत्र (भागीनेय) प्रमतकको अभिषेकमा माधवी आउने आशा थियो गालवलाई तर ऊ गइन । काशीराज दिवोदासले प्रमतकलाई विश्वामित्र पदमा वरण गऱ्यो । उसले आफ्नो साथमा माधवी पुत्र अष्टकलाई पनि ल्याएको थियो । गालव त्यहाँ माधवीलाई सम्झिएर तड्पिंदै काशी जनपदबाट हिँडेको थियो । माधवीको वियोग ज्वालामा तड्पिंदै हिँडेको गालवले कतै पनि शान्ति पाएन । ऊ मण्डलक जनपद पुग्यो । त्यहाँ जवा र सुपर्ण थिएनन् । ऊ वैनतेयको आतिथ्यमा रमायो । वैनतेयले केही वर्ष पहिले पृथ्वी कम्पनको त्रासद अवस्थामा वैष्णवी भक्ति चर्चा गरेर माधवीले त्रास निवारण गरिदिएको बतायो । उसले सुनाएको- "माधवीबारे ती केही शब्दले गालवलाई हठात् थर्थर कमाइदिए । उसका सास घाँटीमा अड्किए । निमेष मात्रका लागि उसको चेतना नै लोप भएजस्तो भयो । उसको काम्दो शरीरमा चिसो पसिना आउला जस्तो भयो । तर तत्काल उसले संयम धारण गऱ्यो । माधवी त्यही सभाकक्षको कुनै कुनामा बसेर कतै उसलाई हेरीरहेकी छ कि भन्ने कल्पना गरेर उसको शरीर ढक्क फुल्यो" (पृ. ६१६) । गालवभित्र माधवीप्रति जुन आस्था र विश्वास छ त्यसैले उसलाई करुण भावमा डुबाएको छ । माधवीलाई कतै केही नभइ दिए हुन्थ्यो भन्ने भित्री अभिप्राय नै ऊभित्र करुणाको सञ्चार गराउने माध्यम बनेको छ । माधवी बाटधान जनपदतिरै गएकी होलिन् भन्ने आशाका साथ गालव प्रस्थान गर्छ । बाटोमा वृहद्रथको प्रपामा पुगेर विश्राम गरेपछि माधवी बिरामी भएको अनौठो सपना देख्छ । निषाद प्रपा पालिलकाले आज बिहान मात्रै बाटधान जान भनेर माधवी त्यहाँबाट हिँडेको र अहिले केही गव्यूति मात्र पार गरिहोलिन् भनी बताउँछे । त्यसपछि गालव पनि निषादीलाई नमस्कार गर्दै बाटधानतिर पाइला बढाउँछ । यसरी यस उपन्यासको सर्म्पूण कथानक करुणाकै तन्तुले जोडिएको छ । यसरी भौंतारिंदै हिंडेको गालवले चतुःराष्ट्र आयोजित वजपेय यज्ञमा पुगेर वृद्धा माधवीलाई भेट्दछ ।

**माधवीनिष्ट करुणा**

वृद्धा माधवी मृगछौनाको साथमा पहिले नै यज्ञशालामा पुगिसकेकी हुन्छे । उसले यज्ञकर्ता सम्राट्हरूलाई पुत्र भनेर सम्बोधन गर्छे । वृद्धाको कथा उनीहरू चाख मानेर सुनिरहेको अवस्थामा पुगेको गालवलाई माध्यन्दिन सवनपछिको यज्ञगाथा गायनका निम्ति अनुरोध गरिए पछि उसले ती सम्राट्हरूलाई मातृकापूजा र नान्दीश्राद्धको यज्ञभाग आफ्नी माता माधवीलाई नै अर्पण गर्न भन्छ । गालव माधवी उनीहरू चारै जना सम्राट्की प्रस्नविणी माता भएको पनि बताउँछ । यस पछि माधवीको करुणा छचल्किएर अविरल अश्रुधारा बग्न थाल्छ । गालवले माधवी नहुषनन्दन ययाति र अप्सरा विश्वाचीकी पुत्री भएकी र कोशल, काशी, भोज र चम्पामा ती सम्राट्हरूलाई जन्माएकी हुँदा आफ्नी माताको पादस्पर्श गर्न र त्यस दिनको आहुती उनलाई नै समर्पण गर्न आदेश दिन्छ । माधवी अफूप्रति पूर्ण समर्पित वृद्ध भईसकेको गालवको मनोभाव नियाल्दै मनमनै भन्छे- "आफ्नो स्वयंवरलाई तिरस्कार गरेर प्रतिष्ठानपुरको त्याग गरी साम्बाला गणमा प्रवेश गरेर एकान्त कुटीमा निस्तब्ध रात बिताएको दिन उसले जीवनमा पाएको विजयलाई आफ्नो हो कि गालवको हो भन्नेबारे छुटट्याउन प्रयास नगर्ने प्रण गरेकी थिई" (पृ. १९) । प्रस्तुत उद्धरणमा हुन लागेको स्वयंवर र पिता ययातिको दरबार त्याग गरी वानप्रस्थ भई वनप्रवेश गर्दा निर्जन ठाउँमा एक्लै रात बिताउँदाको पीडामा कारूणिकता रहेको छ । माधवीको जीवनको यो घटना उसले चार पुत्र जन्माएर घर फर्के पछिको हो । उपन्यसकार दीक्षितले यस घटनालाई उपन्यासको सुरुको यज्ञगाथामा नै पूर्वस्मृति गराएका छन् । गालवले गुरुदक्षिणानिम्ति दानवीर ययातिसँग चारओटा श्यामकर्ण घोडाको यचना गरेपछि उनीसँग त्यस्तो घोडा नभएकाले आफ्नी पुत्री माधवी श्याकर्ण प्राप्तिको साधन बनाउन उसलाई सुम्पिएका थिए । गालव र माधवीले आपसी सल्लाह गरी कोशलराज हर्यश्वको केशशुल्का भएर वसुमनालाई जन्म दिएकी थिई । त्यस अघि अहिच्छत्रकी माधवीलाई ययाति सभाले अहिच्छत्रको गणिका र वरुण चैत्यको महामायाका रूपमा वरण गरेको हुँदा महापुरोहित हलिमकलको आदेशअनुसार एउटी आमाको काखबाट उसको शिशुलाई खोसेर माधवीद्वारा वरुण बलि दिंदाको क्षण माधवीका जीपनपर्यन्त करूणाको स्रोत बनेको छ र त्यो पीडाले उसलाई निरन्तर सताइरहेको छ ।

ययाति प्रासादमा बसेको अहिच्छत्र सभाले आफूलाई गालवको भिक्षा बनाउने निधो गरेपछि माधवी आफ्नी आमा विश्वाचीले अप्रमादीरमणबाट जन्मदिई स्तनपान समेत नगराई सुनन्दालाई सुम्पिएको र ययातिले अनेकौं कष्ट सहेर आफूलाई हुर्काएको स्मरण गराउँदै पिता ययातिसँग गुनासो गर्छे- "पिता, मम अनन्त कामना र भोगैश्वर्यका लालसा छन्, मेरा उत्साह र अभिमान अदम्य छन्, म भीरु वा अवला छैन, नीति र धर्मको ज्ञान छ मलाई ! तैपनि मेरो जीवनको यो नयाँ प्रभातमा नै दासी सरह तिमी मलाई घोडासित परिवर्तकमा दिन तत्पर छौ । के म पणिमा कुशरज्जुद्वारा बन्धनगृहीत भएर पण्य गरिने मेष या मृग शावक पशु हुँ पिता ?" (पृ. ११९) । यसरी माधवीले अफ्नो बाबुलाई व्यङ्ग्यका साथ आफूभित्रको करुणा छचल्काएकी छे । माधवीले आफूलाई हाटमा राखिएको बिक्रीको पशुसरह बनाएकोमा घोर दुःख प्रकट गरेकी छे । गालव र माधवी एउटा श्यामकर्ण घेडाको बदलामा एउटा छोरा जन्माइदिने सर्तमा हर्यश्वसँग सहकार्य गर्ने सल्लाह गर्छन् । गालवले माधवीलाई हर्यश्वको हातमा सुम्पने भएपछि जीवन र छायाबिचको भेद के हो बताऊ ? भन्दै माधवी दुखित हुन्छे । उसको गला अवरुद्ध हुन्छ, ऊ अडिन्छे, आफूलाई रोक्न सक्दिन र आँसु झारेको विषय यस उद्धरणबाट थाहा हुन्छ- "बोल्दा बोल्दै मनस्विनी माधवीको गला रोकियो, ऊ अडिई उसका आँखाबाट आँसु झर्न थाले । आफूलाई उसले रोक्न सकिन र दाहिने नारीमा टेकेर आफ्ना आँसुलाई वेगसाथ बग्न दिई । आँसुको त्यो धाराबिच माधवीका अनिमेष दृष्टि गालवमाथि अडिरहे" (पृ१७१) । यहाँ आफू पहिलो पटक केशशुल्का हुनु परेको पीडालाई अत्यन्तै कारुणिक भावमा व्यक्त गर्छे माधवी ।

आफूलाई अहिच्छत्रबाट पुऱ्याउन आएका सोमदत्तलाई स्वदेश फिर्ता जान अनुरोध गर्दै लामो पत्र लेखेर पितालाई सन्देश पठाउने क्रममा माधवी द्रवित हुँदै भन्छे- "सबन्धु, तिम्रो मार्ग सानो छ र यात्रा छोटो छ । यो यात्रालाई निर्विघ्न समाप्त गर । म जहाँ जस्तै अवस्थामा रहे तापनि अहिच्छत्रमा सन्देश पठाइनै रहने छु । पुरु र अनुलाई देवी शर्मिष्ठालाई, सम्राट् र रोहिताश्वलाई तथा अहिच्छत्रका हाम्रा सबै हितकाङ्क्षिलाई मेरो स्नेह र बन्दना भने । पिता सम्राट्मा यो मेरो लिपि

अर्पित गरे । यसबिच यता आएका अहिच्छत्रका सबै मलाई अवश्यै भेट्ने गरुन् भन्ने मेरो प्रार्थना छ भन्नू, सबै निम्ति मेरो द्वार म भएको ठाउँमा सँधै खुला रहने छ" (पृ. १९५) । यसरी माधवीले सोमदत्त र सबैलाई बिदा गर्छे । त्यसपछि ऊ आफ्नो सम्पूर्ण जीवन गालवसँगै बिताउनुपर्ने यथार्थलाई आत्मसात् गर्दै ऊ आफ्नो एक मात्र साथी रहने कल्पना गर्दै ममतापूर्ण दृष्टि गालव तर्फ फर्काउँछे । यतिबेला माधवी अत्यन्तै भावुक र कारुणिक भएकी देखिन्छे । माधवीको करुणा उसका आँखामा छचल्किएको देख्न सकिन्छ ।

पुत्र मन्थन सम्पन्न गरी हर्यश्वको रेतस ग्रहण गरेपछि माधवीको गर्भ बिस्तारै बढ्दै थियो । यस्तैमा आठ दिनसम्म निरन्तर वर्षाका कारण बाढीले उर्लिएको सरयू नदी हेर्न र त्यहाँ आएका नागरिकहरूले नदीले बगाएर ल्याएका उपयोगी वस्तु बल्छी लाएर तान्दै गरेको दृश्य हेर्न लायक थियो । नवौं दिनमा वर्षा रोकिएर घाम लागेपछि यात्रीमा खुसी छायो । त्यहाँ उनीहरू दिउँसोको विश्राम गर्न बसे । ब्यूँझिदा माधवीलाई असजिलो भइरहेको थियो । माधवीको त्यस अवस्थाको चित्रण गर्दै उपन्यसकार लेख्छन्- "दिउँसोको विश्रामपछि माधवी ब्यूँझिदा उसलाई साह्रै पेट दुःखेको अनुभव भयो र साँझसम्म त्यो शूल निकै बढ्यो । शुरुमा माधवीले त्यो वेदनालाई सही तर साँझ पर्दै जाँदा पेट दुख्न असह्य हुन थाल्यो उसले सारमेयलाई साँझ पर्दा नै बताई" (पृ. २५५) । माधवीको त्यस्तो पीडाको बोध गर्दै सारमेयले तेल तताएर पेट र कम्मरमा लगाइदिई तर कुनै लाभ भएन र साँझसम्म पुग्दा माधवी अचेत प्रलाप गर्न थालेकी थिई । त्यसपछि त्यहाँ एक प्रकारको आतङ्क छायो । सबै हतास मनस्थितिमा पुगेकाले अवस्था कारुणिक बनेको थियो । माधवीको पीडाका कारण ऊ लगायत गालव, हर्यश्व सबै चिन्तित भए । यहाँ माधवीनिष्ट पीडा र चिन्ताजनित करुणाको तीव्र अनुभूति हुन जान्छ । एउटा घोडा एउटा छोराको सर्तमा हर्यश्वको दरवारमा भित्रिएकी माधवी पुत्र वसुमनालाई जन्म दिएको पहिलो दिनमा नै अर्को घोडा प्राप्तिका निम्ति काशी यात्रामा जान चाहन्छे । नामकरण पनि नभएको शिशुलाई छोडेर जान माता चौलाले रोकिन् । ऊ एक महिना पछि छोरोलाई छोडेर काशी यात्रामा हिंडेपछि मनसा देवीसँग भेटहुन्छ । मनसाले माधवीको दुवै स्तन बगेको देखेर तिम्रो सन्तान कहाँ छ भनी सोध्छे र प्रत्युत्तरमा हर्यश्वको प्रासादमा भन्छे माधवी । यसरी वसमनाको कुरा गर्दा माधवीको मनस्थिति व्याकुल रहेको सन्दर्भमा मनसा भन्छे- "मातृ हृदय जति कोमल र कारुणिक हुन्छ त्यसले उत्तिकै कठोरतालाई सहनु पर्छ । किन पुत्रलाई पत्यािग गर्‍यौ देवी ? दुई मासको शिशुको मुखबाट स्तनलाई खोसेर रुवाउँदै त्यहाँबाट प्रस्थान गर्न तिमीलाई केले विवश पार्‍यो त माधवी ?" (पृ. २६६) । यस उद्धरणमा माधवीको विवशता र मनसाको जिज्ञासामा प्रसान्त करुणा लुकेको छ ।

गोमती नदीमा यात्रा गर्दा माधवी र गालवबिच आनन्दका विषयमा छलफल हुन्छ । गालव आनन्द अनिर्वचनीय छ भन्दै चराचर जगत् र त्यसमा उपलब्ध सोम रसमा नै आनन्द रहेको बताउँछ । गालवको उत्तरमा गहन विद्वत्ता भए तापनि माधवीको चित्त बुझ्दैन । यो चराचर जगत् र आकाश नै आनन्दमय छ भने किन आफू समय समयमा विचलित हुन पुग्छु भन्दै माधवी गालवलाई प्रश्न गर्छे- "मलाइ बताउ गालव ! किन आज माण्डुकायनीको आदेशले आलम्बको हत्या भयो ? किन चर्मपुटिकाले आनन्दलाई त्यो दासशालामा हराई ? हर्यश्वको त्यो अज्ञात दास किन त्यो दुर्दान्त अवस्थामा मृत्युमा प्राप्त भयो ? ब्रह्म आनन्दमय छ भने वसुमना निम्ति किन तीन दिनदेखि प्रत्येक क्षण मेरो हृदय यसरी रोइरहन्छ गालव ?" (पृ. २७३) । यस उद्धरणमा आलम्बको हत्या, दासशालामा चर्मपुटिकाको पीडा, हर्यश्वको दासशालामा अज्ञात दासको दुर्दान्त मृत्यु र वसुमनाका निम्ति आफ्नो हृदयको क्रन्दन सबै यथावत् छन् भने यो चराचरमा आनन्द कसरी सम्भव छ भन्ने उसको जिज्ञासामा सन्देह, मानवीय संवेदना र करुणा जागेको छ । मान्छेले ब्रह्मानन्द प्राप्त गर्न त्यति सहज छैन भन्ने माधवीको वाणीले करुणरसलाई नै आश्रय दिएको छ ।

माधवी र गालव दिवोदास राज्य काशी पुग्छन् । त्यहाँ दिवोदासको इन्द्रयज्ञको अध्वर्युमा गालवको नियुक्ति हुन्छ । काशीका आचार्य प्रयुत र गालवबिच वाकोवाक्य (शास्त्रार्थ) हुन्छ । प्रयुतसँग हार्ने धेरैले जलसमाधि लिनु परेको थियो । यस पटक पनि त्यही सर्तमा शास्त्रार्थ हुँदै थियो । गालवले हार्ने हो कि भन्ने चिन्ताले माधवी पिरोलिएकी थिई । त्यसै सन्दर्भमा

माधवीको मनोभावना यसरी व्यक्त गरिएको छ- "जीवनले त्यसरी मोड लिंदा माधवी साह्रै विस्मित र उत्तिकै खिन्न भई। दिवोदाससित प्रश्न गरेर घटनाको सम्पूर्ण विवरण उसले बुझी र गालवको त्यो आत्मानुशासनमा चाहिनेभन्दा कठोता थियो भन्ने विश्वास गरेर रूष्ट पनि भई। आचार्य प्रयुतसितको शास्त्रार्थको परिणाम हार्ने पक्षनिम्ति जलसमाधिसम्म हुन सक्ने थाहा पाएर उसको मुख विवर्ण भयो" (पृ. ३२३)। प्रयुतसँग गालव हार्छ कि भन्ने माधवीको चिन्तामा करुणाको स्पन्दन रहेको छ। उसको मुखाकृति विवर्ण भएबाट सबै नै अनुमान गर्दथे कि माधवी गालवप्रति द्रवित भएकी छे। यहाँ उसको चिन्ताजनित करुणाले माधवीलाई एउटा अलग मोडमा पुऱ्याएको छ।

गालव बिरामी भएको धेरै दिनसम्म पनि उसलाई आराम भएन। शङ्खग्रीवले गन्धर्वगृहीत भएको र उच्चाटन तन्त्रद्वारा त्यसलाई हटाउनु पर्ने बतायो। उसको उच्चाटनले पनि केही भएन। गालव झनै रुग्ण हुँदै हाडछालामा परिणत हुन थाल्यो। त्यो देखेर माधवी चिन्तिन हुन थाली र उसको अवस्था पनि दयनीय हुन थाल्यो। गालव कहाँ आवतजावत गर्ने सबैले देखे। गालवको अवस्थाबाट उत्पन्न परिवेशको चित्रण गरिएको प्रस्तुत उद्धरण निकै मार्मिम छ- "गालवको बिग्रँदो अवस्थासँगै माधवीको अवस्था पनि झन् झन् कारुणिक हुँदै गयो। भोजन र निद्रा त उसका हराएकै थिए अब बोल्न पनि छोडी उसले र कसैले ऊप्रति केही सम्बोधन गऱ्यो भने रूखो र कर्कस आँखा फर्काएर मौनधारण गर्थी। दिवोदास पनि दिभरि नै प्रतिबाहुको घरमा गालवसँगै रहन थाल्यो। माधवीका आँखामा बग्ननिम्ति लेस मात्र पनि आँसुका थोपा बाँकि थिएनन्" (पृ. ३७४)। गालवको अवस्था देखेर माधवीमा जुन किसिमको करुणा र चिन्ता थियो त्यस किसिमको चिन्ता कसैमा पनि थिएन। उनीहरू एउटा व्रत गरिरहेका थिए। त्यसर्थ माधवीलाई व्रत समापनमा बाधा आउँछ कि भन्ने डर लागिरहेको थियो। उनीहरू दुवै मिले र नै आचार्य विश्वामित्रलाई गुरुदक्षिणा प्रदान गर्नु थियो। त्यसर्थ माधवी अत्यन्तै द्रवित भएर गालवको सेवामा लागेकी थिई र करुणरसको वर्षा गराइरहेकी थिई।

दिवोदासको राजपुरोहित रमेणक औषधिविज्ञका सथै राम्रो चिकित्सक पनि थियो। माधवी अत्यन्तै चिन्तित भएर उसलाई गालवको रोग र जीवनबारे प्रश्न गर्छे। हर्यश्वलाई चिठी लेखेर त्यहाँबाट कृशाश्वलाई झिकाउन अनुरोध गर्छे। कृशाश्वले पनि काशीबाटै औषधि लगेर उपचार गर्ने गरेको कुरो बताउँदै रमेणकले सन्निपात ज्वरो अब तीन दिनमा सन्चो हुने भविष्यवाणी गर्छ र गालव जीवनको दोसाँधमा भएको पनि बताउँछ। उसले दिउँसो भनेका कुराबाट माधवी चिन्तित हुँदै गालवको सान्निध्यमा रहन्छे- "उसले आफूलाई रोक्न सक्दिन र गालवका ताता गालामा सुस्तरी आफ्ना गालालाई जोरेर निःशब्द न्याना आँसु बगाइरही। केही क्षणपछि गालव चल्मलायो। त्यसलाई कसै गरी कुनै दुःख भयो कि भन्ने लाग्यो माधवीलाई, ऊ झस्किई र ओछ्यानछेउ उभिएर गालवका आँखा र मुखतिर ध्यान दिई। गालवका कलेटी परेका ती नीला ओठ सुख्खा थिए" (पृ. १७६)। गालव बिरामी भएदेखि नै माधवीमा एककिसिमको निराशा र चिन्ता बढिरहेको थियो गालवको जीवन दोसाँधमा छ भने पछि उसलाई झनै चिन्ता लाग्न थाल्यो। गालव बर्बराएकै अवस्थामा आफ्नी माता सुकेशीलाई बोलाउँथ्यो। माधवीले स्नेहपूर्वक माताले झैं गालवका ओठसम्म आफ्ना स्तनहरू पुऱ्याएर दुध पिलाउन खोजी तर दुध आएन। यहाँ गालवको जीवन रक्षानिम्ति माधवीमा जुन सङ्कल्प छ त्यसमा करुणाको सर्वोत्कृष्ट नमुना देखा पर्छ।

गालव र माधवी तेस्रो श्यामकर्ण प्राप्तिका निम्ति उशीनर राष्ट्र भोजनगरमा पुग्दछन्। त्यहाँ माधवीबाट एउटा पुत्र जन्माउने शर्तमा गालवले घोडा प्राप्त गर्दछ। उशीनर शिविको जिम्मामा माधवीलाई छोडेर चौथो घोडा पाइने स्थानको खोजीमा जान तत्पर भएको छ गालव। माधवी शिविबाट गर्भधारण गरी पुत्र पैदा भएपछि उनलाई जिम्मा लगाई अर्को घोडाको खोजीमासँगै यात्रामा जाने विचार प्रकट गर्छे। गालव आफ्नो दीर्घ यात्रामा गर्भवती माधवीलाई लान चाहँदैन। उसले गरेको पूर्वप्रतिज्ञा स्मरण गरोउँदै माधवी भन्छे- "त्यो दिन कोशल अतिथिगृहमा मेरा यी दुवै हातलाई आफ्ना हातमा लिएर काँतर स्वरमा तिमीले भनेका थियौ-जीवनका दारुणताले मर्मान्तिक प्रहार गर्दा अविचलित रहनु नै त तपश्चर्या हो देवी, म विवश छु धैर्य गर, म सँधै छाया झैं तिम्रो साहचर्यमा रहने

छु र जीवनका सुखदु:खलाई तिमीसँगै भोग्नेछु-थिए कि थिएनन् ती शब्द तिम्रा ? ती शब्द आज कहाँ गए गालव ?" (पृ. ४५५) । यहाँ गालवले आफ्नो प्रतिज्ञालाई भुलेको स्मरण गराउँदै माधवी चिन्तित र कारुणिक बनेकी छ । उसले गालवलाई आफ्नो स्कन्ध ठानेकी र त्यो कुरा नविर्सिएकी समेत स्मरण गराउँदै आफूलाई भोजनगरमा एक्लै छोडेर नजान गालवलाई अनुरोध गर्छे । गालवको साहचर्य नपाउँदा आफ्नो मन शान्त नहुने विचार प्रकट गर्दै माधवी साह्रै पग्लिएकी छ । माधवीनिष्टि यो कारुणिक अवस्थाबाट भावकहरू समेत सजल नेत्रका साथ आफूभित्र समेत करुणको सञ्चार भएको अनुभव गर्दछन् ।

सुपर्ण नागजेयले उपयुक्त समय पारेर चौथो श्यामकर्णको अप्राप्यता गालव र माधवीलाई बताइदियो । यसका साथै उसले चौथो श्याकर्णको सट्टा एउटा पुत्र जन्माउनका निम्ति माधवीलाई नै आचार्य विश्वामित्रसामु अर्पण गर्ने सल्लाह दियो । उसले यस्तो सल्लाह दिइरहँदा माधवी अत्यन्त उद्विग्न हुँदै गालवलाई यसरी सम्झाउँदै भन्छे- "चिन्ता नगर प्रिय सखा ! यो यस्तै हुनु पर्ने रहेछ, यस्तै होवोस् । हामी वैष्णव रहौं । ऋत र धर्म नछोड्नेका जीवनले सत्यको र आनन्दको मार्गबाट पनि विचलित हुनु पर्दैन । यी मासहरूमा वैष्णव उशीनरहरूबाट मैले यही नै सिकें । उनीहरू भाग्यमा विश्वास गर्छन् र धर्म गर्छन् । जीवनका सामु कण्टकाकीर्ण मार्गहरू आउन देऊ, हामी सँगै रहेर आइपरेका सबै दारुणतामाथि विजय पाऔं । यो नै हाम्रो शाश्वत आनन्दी जीवन हुनेछ" (पृ. ४९१) । यहाँ माधवीको आश्वासनमा चिन्ता र करुणा दुवै मिसिएको छ । उसले सम्झाउ न त सम्झाई तर आफै विगलित झैँ प्रारब्धवादमा रुमलिएको देखिन्छे । यी पङ्क्तिमा माधवीनिष्ट करुणा तरङ्गित भएको छ ।

माधवी र गालव शिवि नजन्मिदैदेखि चौथौ श्यामकर्णको खोजीमा तड्पिदै थिए । एक दिन अनायासै गालवको छाप्रोमा सुपर्ण नागजेय आइपुग्छ । गालव र सुपर्णबिच क्षेमकुशल र पारिवारिक भलाकुसारी पछि माधवीलाई नदेखेर सोधनी गर्छ । विप्रचित्तिसँग सुपर्णको परिचय र अभिवादन पछि अबेर भई सकेकाले उशीनर प्रासाद जान समय थिएन । भोलिपल्ट उशीनर सभामा जाने निधो गरेर विप्रचित्ति विदा हुन्छ । भोलिपल्ट उनीहरू सभामा उपस्थित हुन्छन् । माधवीले ययाति, देवयानी, वसुमना र प्रतर्दनका क्षेमकुशल सोध्छे । सबै ठिक रहेको जानकारी पाए पनि ऊ चिन्तित र निराश देखिन्छे । चौथो घोडा निम्ति मार्गदर्शन गराउन सुपर्णलाई अनुरोध गर्दै माधवी भन्छे- "मैले आफ्नो जीवनको सम्पूर्णतालाई अँगालेकी हुनाले नै त हर्यश्वका चुम्बनमा र दिवोदासका आलिङ्गनमा तथा यहाँ उशीनरका विलासमा पनि म निर्लिप्त रहन सकें र यिनी गालवले पनि मेरो परित्याग नगरी, मप्रति रागहीन नभई हामी दुवै यहाँसम्म आइपुग्यौं । अब म गाधेयमा समर्पित हुन पनि तत्पर छु" (पृ. ४९२" । यहाँ माधवीले गालवको गुरुदक्षिणा निम्ति तीन तीन जना राजा सामु आफूलाई अर्पित गरेर स्वार्थ त्याग गरेको देखिन्छ । ऊ चौथो घोडा प्राप्त गर्न आचार्य विश्वामित्रसामु पनि अफूलाई अर्पित गर्न तत्पर रहेको बुझिन्छ । उसको उल्लिखित भनाइमा सरलता देखिए पनि पीडाबोधबाट कारुणिकता नि:सृत भएको छ । शिविको जन्मपछि छैटौं दिनमा उशीनर राजनले नौनीको बर्तनमा बालेको बत्तीको रापले बालकको आँखा र शरीर सेकेपछि कानमा फुकेर शिवि नाम राखी माधवीको काखमा थमायो । उशीनरले आफूप्रति के प्रश्न छन् भनी माधवीलाई सोध्छ तर माधवी शिविको स्पर्शमा आनन्द र बलवर्धक अनुभव गर्दै कारुणिक बन्न पुग्छे- "उसका आँखामा आँसु टल्पलाए अनि टप् टप् उसका गलामा खसेर बगे । कहिल्यै आँसु नबग्ने आफ्ना आँखालाई आज के भयो भन्ने लागेर ऊ छक्क परी । उसले आफ्नो त्यो अवस्थालाई बुझेर पनि आफूलाई रोकिन" (पृ. ५१४) । यसरी कारुणिक रूपमा देखिएकी माधवी उशीनरको प्रश्नको उत्तर स्वरूप सत्य, हिंसापराङ्मुखता, अपरिग्रह र अनाशक्तिको वैष्णवी धर्मलाई तिमीले यथार्थमा स्वीकार गरेका छौ त भनी प्रतिप्रश्न गर्छे । शिविलाई सोधिएका यी विषयमा माधवीको अन्तष्करणमा पीडा र करुणा नै सल्बलाएको छ । चौथो श्यामकर्णका निम्ति माधवीले विश्वामित्रसँग सम्झौता गर्नु पर्ने भयो र विश्वामित्रले आफ्नो भागिनेय प्रमतकबाट नियोग विधिद्वारा आफ्ना निम्ति एउटा पुत्र जन्माइदिने सर्तमा गालव गुरुदक्षिणा भारबाट मुक्त हुने भयो । दिन बित्दै जाँदा प्रमतकबाट गर्भाधान भएर पूर्णमास भएपछि माधवीमा प्रसव पीडा हुनथाल्यो । गालवले आषाढकृष्ण तृतियाको अरुणोदयमा विश्वामित्र राजप्रासादको सिंहद्वारमा उभिएर त्यहाँको महाघण्ट बजाउँदै विश्वामित्रलाई पुत्रलाभ भएको

सूचना दियो । यसपछि चम्पापुरीको बसाई माधवीलाई दिनप्रतिदिन असह्य हुन थाल्यो । ऊ आफ्नो चौथो शिशु अष्टकलाई विश्वामित्रको जिम्मा लगाएर चम्पाबाट प्रस्थान गरौं भन्दै हठ गर्न थाली । उनीहरू चाम्पाबाट ययाति प्रासादका निम्ति प्रस्थान गरे । श्रावण मासमा उनीहरू रुझ्दै भिज्दै निकै दिन यात्र गरे- "त्यस्तैमा तिनीहरूलाई सर्दी ल्याग्यो र ज्वराक्रान्त हुन थाले । तर त्यो ज्वरोलाई पनि मिच्दै ती दुवै अघि बढ्दै गए र भाद्रको शुरुको एउटा मध्याह्नमा ती दुवै क्लान्त पथिकले राजगृह जनपदको उपान्तमा रहेको ठूलो अश्वत्थ चैत्यमा विश्राम गर्न पऱ्यो । ती दुवै ज्वराक्रान्त थिए तथा श्रान्त थिए । जनपद मार्गको छेउमै रहेको त्यो चैत्यको कुनामा पानी खान जान समेत नसक्ने भए" (पृ. ५४५) । यसरी ज्वराक्रान्त भएका गालव र माधवीलाई मुसिकहरूले उद्धार गरेर झण्डै एक महिना कालधर मुसकिको घरमा राखेर उपचार गरे । त्यहाँ उनीहरूले विगतमा गरेका वाचा र अनुबन्धको संस्मरण गरे । उनीहरू दुवै मिलेर एउटा माला उन्ने वाचा गरेका थिए । गालवले आफ्नो तपस्या पुरा भएपछि माधवीलाई ययातिसामु फिर्त गर्ने प्रतिज्ञा संस्मरण गऱ्यो । उनीहरू कालधरको घरमा नवान्न भोजनको उत्सवपछि त्यहाँबाट बिदा भए । यसरी उनीहरू जाहाँ जहाँ आफ्नो अनिश्चित गन्तव्यको समय बिताउँछन् त्यहाँ त्यहाँ नै उनीहरूको जीवनमा कारुणिकताले घर गरेको देखिन्छ ।

एक साँझ सूर्यास्तको समयमा माधवी गालवसँग अनुरागका कुरा गर्दै थिई । गालव माधवीसँग चुम्बनको अपील गर्दै थियो । माधवीले कुरा अन्यत्रै लगेर उठी र शोणा नदी किनारमा गएर सन्ध्या गर्न थाली । गालव भ्रम, त्रास र हीनभावले परिव्यप्त भएर आफ्नो ठाउँबाट उठेर गयो । गालव परहुँदै गएको देखेकी माधवीले गालव फर्किने आशा गरिरही र मनमा अनेक तर्कना गर्दै आफ्नो काममा व्यस्त रही- "माधवीले भोजन बनाई तैपनि गालव आएन । माधवी दुःखित हुँदै निदाई र मध्यरातमा ब्यूँझिई । त्यहाँ कतै पनि उसले गालवलाई देखिन । गालवले परित्याग गऱ्यो कि, मलाई असहाय यसरी छोडेर गयो कि भन्ने शङ्का लाग्यो उसलाई । गालवले पहिलोपल्ट चुम्बन कै त प्रार्थना गरेको थियो, मैले किन त्यसरी निवारण गरें भन्ने पश्चाताप पनि भयो उसलाई" (पृ. ५४९) । माधवीले गालवको पहिलो चुम्बनको अपीललाई अस्वीकार गरेकोमा उसलाई पश्चाताप भएको छ । गालव एकाएक हराएको ठानी उसलाई आफ्नो र गालवको पनि चिन्ता लागेको छ । यहाँ माधवी चिन्ताग्रस्त कारुणिकताबाट उद्वेलित भएकी छे । मध्यरातको अँधेरोमा गालवलाई बोलाउँदै दौडिरहेकी माधवी एकाएक कुनै व्यक्तिको शरीरसँग ठोकिएर चिच्याई । उसको चित्कारले त्यतै कतै निदाइरहेको गालव ब्युँझियो र माधवीलाई सह्माल्न लाग्यो । त्यस बेला माधवीमा देखिएको भावमा करुणाको पोखरी छचल्किए झैँ भएको थियो ।

माधवी र गालव ययाति दरवारमा पुगे । गालवले पूर्वशर्तअनुसार माधवी ययातिलाई बुझायो । गालवले माधवीको पाणिग्रहण आफूसँग सहज रूपमा होला भन्ने अनुमान गरेको थियो । तर ययातिले असुर धर्मानुसार कन्याशुल्क लिएर कन्यादान गर्ने निर्णय सुनायो । माधवीले आफ्नै पिता भएर आफूलाई फेरि शुल्कमा राख्न चाहेकोमा प्रतिवाद गरी । आफ्नो वीर्यशुल्क आफै तोक्ने सर्त पनि उसले स्वीकार गरिन । उसको प्रतिवादपछि स्वयंवर विधिद्वारा माधवीको विवाह हुने निधो भयो । माधवी गालवलाई स्वयंवरको वरमाला पहिऱ्याएर सहजीवन बिताउने कल्पनामा डुब्दै थिई । तर गालव नागजेय सुपर्णलाई स्वयंवर हेर्न लिएर आनउने वहाना गरेर माधवीसँग विदा माग्न आउँछ । यसै सन्दर्भमा माधवी गालवलाई भन्छे- "मलाई यसरी दुःखी तुल्याएर नजाऊ गालव ! म जीवनलाई स्नेह र तिमीलाई, तिम्रो तन, बलवीर्य र ब्रह्मवर्चस् लाई सम्मान गर्छु । म बाँच्न चाहन्छु मुनिवर ! तर तिमी नभए म बाँच्ने छैन । तिमीले मेरो परित्याग गर्न आँट्यौ मुनिवर ! त्यसो नगर मेरो प्रिय उपाध्याय ! वैष्णवी अनाशक्ति, आत्मनिग्रह र स्पृहाहीनताको अर्थ यस्तो हुँदैन तपोधन गालव !" (पृ. ५६४) । यसरी स्वयंवरको समय नजिक आउँदै गर्दा नागजेयलाई लिन जान लागेकोमा गालव नफर्किने हो कि भन्ने शङ्काले माधवी चिन्तित भएकी छे । उसको यो चिन्तमा कारुणिकता रहेको छ । चिन्तित हुँदा हुँदै पनि माधवीले गालवको यात्रानिम्ति फूर्तिलो घोडा ल्याउन लगाई । गालव घोडाको गतिसँगै ओझेल भयो । माधवी निकै चिन्तित र शोकग्रस्त भएर रहन थाली । उसको जीवनमा अथाह दुःखले घर गर्न लागेको महसुस गर्दै चिन्तामा डुब्न थाली । उसलाई त्यस स्थितिमा देख्ने जो कोही पनि भावुक करुणामय अवस्थामा नपुगी रहनै सक्दैनथ्यो । यहा माधवीनिष्ट करुणाको चरम रूप देखा पर्छ । गालव  सौरभ आश्रममा सुपर्णको सेवामा लाग्दै गर्दा माधवी स्वयंवरको दिन आइसकेको थियो । प्रतिष्ठान पुरमा माधवी

गालवको व्यग्रप्रतीक्षामा थिई । पूर्णिमाको बिहान उसको मुटु छिटो छिटो दौडिरहेको थियो । ऊ स्वयंवर सभामा कतै तिर लुसुक्क बसिरहेको होला भन्दै आफूलाई आश्वस्त पार्दै थिई । उसले रूप बदलिएर कतै बसिरहेको छ कि भन्ने शङ्का पनि गरी । तर गालव कतै थिएन । गालव नागजेयकै सुश्रुषामा शैवालिकतिरै विषादपूर्ण मनस्थितिमा रुमलिएको थियो । सभामा गालवको हावासम्म नभेटेकी माधवी सम्पूर्ण आशालाई परित्याग गरी विह्वल हुँदै अन्तिम पटक चारैतिर हेरी तर गालव कतै थिएन । पछि- “माधवीमा गालवप्रति पहिलो पटक प्रवल घृणा, क्रोध र गहिरो क्षोभ उत्पन्न भयो । उसलाई रिंगटा लाग्न थाल्यो । उसले आत्मनियन्त्रण र संयम धारण गर्न आफ्नै वैष्णवी अनाशक्तिको शरण लिने चेष्टा गरी तर उसको हृदयमा झञ्झावात उठ्यो । माधवी किंकर्तव्यविमूढ र विक्षिप्त भई । उसको हृदयमा औडाह र वेदनाका लहर उठे” (पृ. ५७५) । यस पछि माधवीले आफ्नो हातमा रहेको वरमाल चुँडालेर फाल्दै पितासँग आफूलाई त्यो स्वयंवर र यो संसार नै नचाहिएकाले सबै अभ्यागतलाई ससम्मान फिर्ता गरिदिन अनुरोध गर्दै भनी- “सम्राट् पिता ! मलाई चाहिन्न यो स्वयंवर, यो संसार नै चाहिन्न मलाई । मलाई या देह नै चाहिन्न । क्षमा गर असुरराज ! यो स्वयंवरबाट मलाई मुक्ति देऊ । मेरा निम्ति अब यो संसार साह्रै भारी भयो । म सबैलाई घृणा गर्छु । अधर्म, अनृत र असत्यको यो संसार म तिम्री पुत्रीनिम्ति असैह्य भयो । अमोहम्को जीवन देऊ मलाई । मलाई मुक्ति देऊ । कसैको हातमा मेरो हात अब म दिन्न । कुनै पुरुष समागम मलाई चाहिँदैन । तिम्रा धेरै राजन्यहरूलाई सहें मैले । अब म वन प्रवेश गर्छु” (प. ५५७) । उसले आफू वैष्णवी भक्तिमा लग्दै वानप्रस्थ जीवनमा जाने कुरा बताई । पाँच वर्ष अगाडिदेखि गालवसँग वैवाहिक जीवनमा बाँधिएर रङ्गीन संसार रचना गर्ने सपना देखेकी माधवीलाई स्वयंवर सभामा गालवको अनुपस्थितिले निम्त्याएको कारुणिकता अत्यन्तै संवेदनशील र विषादपूर्ण रहेको देखिन्छ । उसको जीवनमा यस भन्दा कारुणिक अवस्था अरु कुन हुन सक ला र ?
उता गण्डकी किनारबाट निषादराज सौरभको पर्णशालामा फर्किएका गालव र सुपर्णले माधवी स्वयंवरका वृतान्त सौरभलाई सुनाए । सौरभले नहुनुपर्ने कुरा गालवबाट भइसक्यो विगत बारे बढी क्षोभ गर्न र आगतको बढी चिन्ता गर्न हुँदैन भन्दै प्रतिष्ठानपुरतिरको यात्रामा जान दुईटा घोडा उपलब्ध गरायो । उनीहरू तीन दिन नौका यात्रापछि सौरभले पठाएको घोडामा यात्रा गर्दै ठाउँ ठाउँमा बास गरी उनीहरू सरयू तटमा पुगे । त्यहाँ कौलेय उनीहरूको पर्खाइमा बसिरहेको थियो । त्यहीं ग्रामपा पनि भेटियो । ग्रामपाले मदहोस अवस्थामै भए पनि माधवीले स्वयंवरमा कसैलाई वरण नगरेकी, अमोहमन्त्र जप्तै वानप्रस्थ भएर प्रतिष्ठानपुर छोडी नागग्राम, माहुते गाउँ हुँदै संवालाजनपद जान व्यग्र छिन् भन्ने आफूले सुनेको बतायो । संवाला सभामा गणपति शनिशिराको परामर्शमा माधवीलाई उनीहरूको गणमा ग्रहण गरिएको थियो । संवाला पुगेको छैटौं दिनमा माधवीले एउटा नरनारी समूह आफ्नो पर्णशालातिर आउँदै गरेको कोलाहल सुनी । उत्सुकता र शङ्काकै आडमा- “उसले ध्यानसित हेरी र अग्लो सुपर्ण नागजेयलाई चिह्नी । त्यस्तो अप्रत्यासित अवसरले उसका खुट्टा कमाए, उसले कुरा बुझ्न थाली । उसको मुख रातो भयो अनि उसले गालवलाई पनि नागजेयकै छेउमा आइरहेको देखी । माधवीको झन् सास नै रोकिएला जस्तो भयो तर उसले तत्काल आफूलाई संयमित गरी । शनिशिरालाई अघि लगाएर आआफ्ना हातहतियार लिएका नरनारीको त्यो समूह माधवीको पर्णशाला अगाडि आएर अडियो । उसले देखी नागजेय र गालव दुवैका हात पाता फर्काएर बाँधिएका थिए” (पृ. ५८४) । माधवीले आफ्ना अभ्यागत भएकाले बन्धनमुक्त गरिदिन शनिशिरासँग अनुमति मागी र उनीहरूलाई बन्धन मुक्त गरियो । यहाँ माधवी भित्र रहेको करुणाको अनुभूति अत्यन्तै वेदनायुक्त छ । उसले गालवसँग स्वयंवरबाट पलायन भएर आफ्नो प्रतिज्ञाबाट च्युत हुँदै स्वयंवरका अभ्यागतसामु आफूलाई लाञ्छित गराएको गुनासो पोखी । गालव नतमस्तक उभिरहेको हुन्छ । माधवीका अभिव्यक्तिमा करुणाको माहानद उर्लेको अनुभूति हुन्छ ।

अब गालको साथ लाग्न नसक्ने निर्णयमा पुगेकी माधवीले पिपल चैत्यको दोबाटोबाट गालव र नागजेयलाई बिदा त गरी तर उसको मनोदशा भने विचलित नै थियो । उनीहरू पर ओझेल हुँदासम्म हेरिरही । फर्केर आउँछन् कि भन्ने त्रास र आस दुवै थियो उसलाई । माधवीको विगत र वर्तमान साह्रै कठोर भइरहेको थियो । ऊ जन्मनासाथ माताले छोडेकी, पिताले केशशुल्का बनाएको, हलिमकले नवजात शिशुलाई उसकै हातबाट दारुण बलि गराएको, चार छोराकी मात भएर पनि पुत्र विहीन हुनु परेको र गालवले पनि छोडेर गएको जस्ता घटनाबाट उसको सम्पूर्ण जीवनको कारुणिक ऊहापोह

भल्किन्छ । संबालागण प्रभुहरूबाट सङ्घर्ष गरेर मुक्तादासहरूको एउटा परिश्रमी राज्य थियो । यो गण वर्गसङ्घर्षको उपज थियो । माधवी त्यहाँका सबै गतिविधिमा संलग्न र अभ्यस्त हुँदै गई । त्यहाँ पुरुष र नारीहरूमा समानता थियो । माधवी ऐकान्तिक हुँदै गएकी थिई तापनि उसलाई गालवको संभनाले सताइरहन्थ्यो । एकदिन कतुवाबाट धागो कातिरहँदा उसको अवस्थाको चित्रण यसरी गरिएको छ- "आफ्नो आँखामा रसाउन आँटेको दुईथोपा आँसु र ती आँसुसित जोडिएको गालवप्रति उसको ध्यान गयो । उसले स्मृतिलाई मेट्न खोज्दै आँखा पुछ्ने कोसिस गर्दा दुई ढिका आँसु टल्पलाउँदै गालामा भरेर बगेर विलीन भए । तिनका चिसा धारलाई माधवीले पुछी । फेरि मधुर स्वरमा चर्खा घुम्न थाल्यो" (पृ. ६००) । यसरी गालवको संभनामा चिन्तित र विह्वल भैँ भएर माधवी आफ्नो आगतलाई बिताउँदै गई । फेरि पनि ऊ गालव के गरिरहेका होलान् भन्ने प्रश्न मनमनै गरिरही । उसको हरेक मनस्थितिमा करुणाले घर गरेको छ । माधवीको सम्पूर्ण जीवन नै करुणाको माहासागर भएर अगाडि बढेको छ । संवालामा माधवीलाई सबै सुबिधा र प्रसंसा प्राप्त भए तापनि एक दिन उसले हारितीसँगँ भोलि उषाकालमा आफू संबालाबाट प्रस्थान गर्ने बताई ।

माधवी दुई वर्ष अघि मण्डलक जनपद गएकी थिई । उसले त्यहाँ सुपर्ण र जवालाई नभेटे पछि गालव आएको थियो कि भनी सोधेकी थिई । त्यहाँबाट सुर्णलाई भेट्न विदेह गई माधवी । एक वर्ष पछि मण्डलक आएकी माधवी कुक्षिरोगग्रस्त भएको र सुपर्णले चर्या गरेर स्वस्थ पारेको थियो । माधवी वर्षायामभरि त्यहीं बसेकी थिई । माधवीले जवासँगै कौमुदी महोत्सब मनाई । जवाले कपाल कोरिदिंदा एउटा पुलेको रौं हातमा राखिदिएपछि माधवीको हृदयमा एकाएक भञ्भावात शुरु भयो । एक निमेषमै उसको हृदय शान्त भयो र भनी "हो जवा जीवन आफ्नो मार्गमा सरयू प्रवाह भैँ अविचलित बग्दै जान्छ र गङ्गामा प्रवाहित भएर महासागरमा विलीन हुन्छ । ... जवा मेरो हृदयले सँधै मलाई तान्दै ती मुनिकुमातिरै लैजान्छ । म यहाँ बस्तिन अब तिमीले देखाएको सेतो रौं मेरा निम्ति नयाँ मार्गको आवाहन भयो, मैले अब गालबलाई भेट्नै पर्छ । मलाई बिदा देऊ" (पृ. ६१८) । यसरी गालवप्रति निष्ठावन् रहँदै भौतारिएकी माधवीभित्र अथाह करुणाको ज्वारभाटा उठेको छ । प्रतिष्ठनपुरबाट आफ्नो अन्त्यहीन यात्रामा हिँडेकी माधवी छुद्रजाङ्गलको नयाँ जनपद हुँदै बाह्रौं वर्षमा पुत्र प्रतर्दनलाई भेट्न काशी पुगी । हर्यश्वले काशीमा आक्रमण गरेर हारेको थियो । हर्यश्व बितिसकेको र वसुमना सकुशल थियो । माधवी काशी पुगेको केही दिनमा अष्टकलाई लिएर विश्वामित्र पदधारी प्रमतक त्यही आइपुग्यो । त्यहाँ माधवीले अश्मक र सारिका जस्ता धेरै विमोचितहरूलाई भेटेर खुशी भई । तापनि गालबको संभनाले भने उसलाई सताइरह्यो । माधवी आफ्नो मनमा शान्ति र हृदयमा आनन्द नभएको दर्साउदै अश्मक र सारिकासामु आफ्नो वेदना प्रकट गर्दै भन्छे- "मुनिकुमार गालवलाई म निरन्तर सम्भन्छु, तिनी नै मेरा अनन्य सखा र विमोचन नै हुन् । तथापि हेर न म तिर्यक् योनिमै रहेकाहरू जस्तै आफ्नै मनभित्र पीडित रहन्छु । यो ममा ज्ञान भएरै के भयो ? म दासत्वमा नरहेरै के भयो ? मेरो जीवनको यो अवस्था पापावस्था नै त होइन र ? अश्मकका साथ तिमी हेर कति सुखी छौ, तिमीमा अश्मक कति सुखी छन्" (पृ. ६२३) । यी प्रत्येक वाक्यमा माधवीनिष्ट करुणा छचल्किएको पाइन्छ । माधवी वरुण बलिको बालकलाई सम्भिएर जिन्दगीभर त्यसैको प्रायश्चित्तमा डुब्नु परेको अनुभव गर्थी । उसका ती सबै घटनाले करुणाको प्रशान्त निर्माण गरेको छ । माधवी उपन्यासमा नायिका माधवीको समग्र जीवन नै करुणाको सँगालो भैँ प्रतीत हुन्छ ।

**दासदासीनिष्ट करुणा**

अहिच्छत्र श्रेणीमा दासदासीलाई पशुवत् व्यवहार गरेको देखेर गालव र सुपर्णमा परनिष्ट करुणाभाव जाग्दछ । दासहरू त सबैतिर हुन्थे र प्रभु भनिनेका सेवा गर्थे । तर त्यहाँ अत्यन्तै क्रूर प्रताडना देखेर गालव स्वयं पनि डराएर द्रवित भएको थियो । "उसले त्यहाँ के देख्यो भने ती प्रत्येकका एउटा खुट्टामा रहेको कल्लीलाई सिक्रीले भित्तामा नत्र त्यहीं भूईंमा गाडिएको किलामा बाँधिएको थियो । ... बाँधिएका पशुले भैँ तिनीहरू एकोहोरो काम गरिरहेका थिए । ती दासहरू दुर्बल क्षीण र भावशून्य देखिन्थे" (पृ. ८९) यी हरफहरूमा गालवले दासहरूलाई गरिने व्यवहारबाट कारुणिक अनुभूति गरेको छ । उसले श्रेणीको पाले र एउटा दासबिच विवाद भएको, दासले "अमोहम्" भन्दै रक्षकको मुखमा थुकिदिएको, बाँधिएको दासले सिक्री चुँडाउने प्रयास गर्दै "अमोहमस्मि" भनेर चिच्च्याउँदै जे पायो त्यहीले हानेको, प्रधान रक्षकले थुक्न अघि

सर्ने दासलाई शूलीमा चढाउन आदेश दिएको जस्ता घटना नियाल्दै करुणाको अनुभूति गरेको छ । उसले हेर्दा हेर्दै त्यो दासको मलद्वारबाट शूली घुसारे र मैदानमा छोडिन्छ । प्रवेपन नामक असुरको आदेशबाट गरिएको थियो त्यो वीभत्स कार्य । दासताडना विधि देखेर प्रवेपनका सामु डराउँदै "दण्डले नै जनपद धर्मको रक्षा गर्छ नागजेय !" भन्ने गालवको विचारलाई खण्डन गर्दै "सृष्टि नै त मानिसको कामना हो; दास पनि मानव नै हो-पशु होइन" (पृ. ९०) भन्दै नागजेयले चरम कारुणिकता दर्शाएको छ ।

यस्तै असुर रोहिताश्वको दासशालामा रहेका दासदासीमध्ये सारिका नामकी दासीले कहिल्यै आफूलाई दास स्वीकार गरिन । "रोहिताश्व त्यसलाई जति यातना दिन्थ्यो त्यो कर्कोटकी त्यति नै अवज्ञा गर्थी र त्यसलाई तिरस्कार गर्न अन्य दासदासीहरूलाई सधैं उकास्ने गर्थी" (पृ. १०१) । यहाँ विद्रोह र करुणा भरिएको छ । समग्रमा अहिच्छत्र जनपद दासविमोचनको विपक्षमा देखिन्छ । गालव अयोध्या जाने क्रममा डुङ्गाबाट सरयू तर्दै गार्द दास कौलेयले आफ्नो दास जीवनको उहापोह पेख्दै भन्छ- "श्रेणी र राष्ट्रमा उन्नत काम गरेन भने र शक्ति र ज्ञानको क्षय हुन दियो भने त्यस्ता दासहरू आर्य स्वामीमाथि भार ठहरिएर शीघ्र मृत्युमा पुग्ने गर्छन् । रोज रोजै बाँच्न दासले प्रत्येक क्षण चिन्तन र ज्ञान आर्जन गरिरहनु पर्छ । ज्ञान र चिन्तन नै त दासका स्वास र उच्छ्वास वायु हुन्" (पृ. १३५) । यसरी दासहरूको जीवन सधै करूणामय भएर बाँचेको थयार्थ यहाँ प्रस्तुत छ ।

हर्यश्वको बन्दी दासहरूको रोदन, क्रन्दन र तीनका आक्रोसमा करुणाको स्वर मुखरित भएको छ । दासहरू नै सबै उत्पादन कार्यका उन्नायक हुन् तर तिनलाई गरिने उपेक्षा र दिइने शारीरिक तथा मानसिक ताडना अत्यन्तै कारुणिक छ । एक दिन गालव पनि हर्यश्वको दासशाला हेर्न पुगेको थियो । त्यहाँ उसले देखेको दृश्यलाई उपन्यासकारले यसरी व्यक्त गरेका छन्- "कोलाहल र दुर्गन्धबिच अँध्यारो रातभन्दा पनि गाढा अँध्यारो चिसो भुइँमा उभिएर गालवले हेर्ने चेष्टा गऱ्यो तर उसका दृष्टि ज्योतिहीन भैं रहे । केही क्षणमै उसले दुर्गन्धलाई चिन्यो- मानिसको गन्ध थियो त्यहाँ र मानिसका स्वरहरू पनि छुट्टा छुट्टै चिनिन थाले । माधवीका सामु आफूले त्यो दिन दासहरूलाई पशु भनेकोलाई उसले झ्वाट्ट सम्झियो तर त्यहाँका स्वर र गन्धमा उसले पशुत्वको कुनै चिह्न पाएन । त्यतिकैमा उसका दृष्टि दासशालामा अडिए र मलिन प्रकाश आइरहेका केही प्वालहरूतिर गए-उसका नेत्रका ज्योति बढ्न थाले अनि उसले सुनेका स्वरहरू झन प्रष्ट हुन थाले । ती स्वरहरू पीडा र वेदना, घृणा र तिरस्कार, अशक्तता र क्रोधका थिए । ती स्वरहरू बढ्दै कोलाहलका लहरहरूमा परिणत भइरहेका थिए" (पृ. २२६) । यहाँ दासहरूले भोग्नु परेको दुःखलाई गालवले देख्यो । दासशालामा दासहरूको दारूण अवस्थाले सृजना गरेको करुणिकता यहाँ व्यक्त गरिएको छ ।

हर्यश्वको दासशालामा सबै दासहरूबाट भोग गरिएकी अन्दाजी पच्चिस वर्ष जतिकी तर हाडछाला मात्र भएकी एउटी चर्मपुटिका नामकी दासीको अवस्थालाई देख्दा अत्यन्तै दारुण कारुणिकता झल्किन्छ । दासहरू अब अमोहमस्मि भन्दै प्रभुहरूमा जाइलाग्न थालिसकेका थिए । दासशालाको यन्त्रणालयमा प्रवेश गर्दा हर्यश्व डराउँथ्यो । चर्मपुटीका नागकुलीन भएकीले उसलाई पुत्रमन्थन कर्मको ज्ञान थियो । त्यस निम्ति हर्यश्वले उसलाई बन्धन मुक्त गराएर तीन दिनभित्र उसलाई राम्ररी पोसेर पुत्रमन्थन गराउन सक्ने बनाउन आदेश दिन्छ । चर्मपुटीकाको शारीरिक अवस्थाको कारुणिक झलक यस्तो छ- "हर्यश्वले केही संयत भएर ध्यानसित चर्मपुटिकालाई हेऱ्यो । पहेँलो र नीलो छाला मात्र भएकी, आँखाका ज्योति निकै गुमाएकी, तीन महिनाभन्दा बढीदेखि निरन्तर भोक, रोग र यन्त्रणामा पर्दै दासशालाका दासहरूद्वारा अनवरत भोगिएकी त्यो युवती आफ्नो शरीर र आत्मा दुवैमा कङ्काल अवस्थामा पुगेकी थिई । चिसोमा बस्दा बस्दा उसका हात गोडा सुन्निएका थिए" (पृ. १३२) । दासशालाको यन्त्रणागृहमा सबै दासहरूको भोग्या बनेकी चर्मपुटिकालाई देख्ने कुनै पनि मानव हृदय द्रवित नभई रहन सक्दैनथ्यो । यो दारुण अवस्थामा संवेद्य हृदय करुणमा रुमल्छि ।

हर्यश्वको श्रेणीमा दासी भएर बसेकी शान्ता नामकी दासीको पति र पुत्रलाई अरू कसैले किनेर लग्यो । शान्ता पनि

अफ्नो पति र पुत्रसँगै जान निकै अनुनय गरी । तर लोभी हर्यश्व उसको रूप र लावण्यबाट मुग्ध भई उसलाई जान दिएन । अयोध्याको त्रिपुष्करतर्फ जाँदै गर्दा बाटोमा पर्ने त्यस श्रेणीमा उसले काम गरेकी थिई । हर्यश्वले दासी बनाएर सम्मानका साथ आफ्नै दरबारमा राखेको थियो तापनि ऊ खुशी थिइन भन्ने उसको भनाइले प्रष्ट पार्छ । ऊ माधवीलाई भन्दै थिई- "हर्यश्वको प्रासादमा म सुखी रहिन कुनै दिन पनि यद्यपि राजा नै मलाई स्नेह गर्थे । त्यसको तुलनामा यो श्रेणीमा परिश्रम र क्षुधा थियो, यहाँ कसाधात र दैन्य थियो तापनि म प्रसन्न थिएँ । मेरो पुत्र यहाँ मेरो साथमा थियो । देवी, यो श्रेणीको यत्रतत्र म आफ्नो पुत्रले हाँसेको-खेलोको र रोएको अझै देख्छु । औसर पाउँदा म यता आउँछु र यो ठाउँ हेरेर प्रसन्न हुन्छु" (पृ. २५०) । यति भनेर ऊ आफूलाई थाम्नै नसकी खास्टोले आँसु पुछ्दै रुन्छे । यहाँ एउटी आमाको मतृहृदय अत्यन्तै द्रवित भएर सुन्ने जो कोहीका आँखा सजल हुने अवस्था छ । पति पुत्र पीडाजनित शान्ताको भावदशामा अत्यन्तै कारुणिक अनुभूति हुन्छ ।

काशीराज दिवोदासको राज्यमा बिस वर्ष पहिलेको सुख्खा खडेरी सम्झना गर्दै त्यस बेला भएको क्षतिको आकलन गरिएको छ । राजा भीमसेनको राज्यकालको अन्तिम वर्ष खडेरी परेको सम्झना गर्दै बढ्दै गएको गर्मी र अनावृष्टिबाट अस्तव्यस्त जीवन र धनजनको चित्रण गरिएको छ । पानीको अभावमा आफैँ काम गर्न र दासहरूलाई काममा लगाउन पनि असंभव जस्तै भयो । फलस्वरूप- "नगर र जनपदका श्रेणीहरू निक्रिय बस्न थाले । काम नगर्ने दासहरूलाई बसी बसी अन्न खुवाउन परेकाले आर्यहरूले क्रुद्ध भएर दासहरू विरुद्ध बिस वर्ष अघिदेखि रोक्दै आएका अत्याचारलाई फेरि बढाएर स-सानो कुरामा फेरि यातना दिन थाले । दासहरूप्रति ती स्वामीहरूका अतिचार बढेर दासहरू भाग्न थाले । यहाँ सम्म कि भाग्ने दासहरूलाई फर्काउने र दण्ड दिने कार्यबाट समेत गृहपतिहरू विमुख रहन थाले" (पृ. ३५९) । यहाँ दासहरूले पाउने यातना कठोर हुने गर्थ्यो । दासहरूको शारीरिक दुर्बलता, रुग्णता र कृशकाय देखेर जो कोहीको हृदय पग्लिएर आउने भएकाले कारुणिक परिवेश सिर्जना भएको छ । दासहरूलाई गरिने अमानवीय व्यवहारले सभ्य मानव समाजको उपहास गरिहेको अनुभव जो कोहीले गर्न सक्ने भएकाले करुणाको आश्रयस्थल बनेको छ ।

शिविको प्रासादमा पुराण गाथाहरू वाचन गर्ने क्रममा विभिन्न प्रश्नोत्तर हुने गर्थ्यो । जीवननिम्ति गरिने सामान्य कार्य पनि यन्त्रणायुक्त भए भने नरक त्यही हो भन्ने मान्यता स्थापति गर्दै उशीनर राज्यमा कुनै दासहरू नभएको र अयोध्याको हर्यश्वदासशालाको दुर्दान्त घटनाहरूको स्मरण गरिएको छ । हर्यश्वको दासशालामा भएका घटना शिविलाई बताउँदै दासलाई दिइने यातनाका कारण हर्यश्वदासशाला वास्तवमा नरक समान भएको महसुस गालवले गरेको छ । एउटा दासलाई पिशाचले गदा प्रहार गर्दा त्यो दासका मुखबाट निःसृ शब्द वाणहरूमा आक्रोश र करुणा दुवै रहेको छ । त्यो दास भन्दै थियो-"मलाई मृत्युमा अर्पित गर हर्यश्व, यसका निम्ति न ममा खेद छ न विस्मय वा नैराश्य नै । मलाई तँ मृत्युमा पठा तथापि म फर्किएर आउने छु एक भएर, एक्लै होइन, सय भएर मात्र होइन, सहस्रमा सीमित भएर मात्र होइन कि यो विश्वको, यो पृथ्वीको धर्म-धुरन्धर कार्य स्वाधीन मानवको सम्पूर्णताको रूपमा म फर्किएर आउने छु, ... हुन्छ हर्यश्व, मलाई मृत्युलाई दे, तर मेरो मृत्युमा तेरो जीवन रक्षित रहने छैन । यो पृथ्वीबाट एक दिन तेरो, तेरो प्रासाद, श्रेणी, आकर, सिता, तेरा यी दास र तिनका कुममा अडेका ती गदाहरू सबैको बिनाश अवश्यंभावी छ" (पृ. ४७४) । यति भनिसक्दा त्यो दासको गदाप्रहारद्वारा जीवनशेष भइसकेको थियो । दासनिष्ट यी विचारहरूमा वीरोचित करुणाको अनुभूति गर्न सकिन्छ । दासका साहसी र वीरोचित दृढतामा ऊ भित्रको करुणा मुखरित भएको छ ।

**अन्य चरित्रनिष्ट करूणा**

सुपर्ण नगजेय र जावाको पुत्रमन्थन यज्ञ समाप्त गरी सुपर्ण नागजेय जवालाई एक्लै छोडेर गालवको सहयोगार्थ श्यामकर्ण घोडा खोज्ने यात्रामा निस्कन्छ । त्यसबेला उनीहरू एक आपसमा निकै विचलित र चिन्तित भएका थिए । सुपर्णलाई फेरि जवासँग भेट होला कि नहोला भन्ने चिन्ता छ । "मार्गमा सुपर्ण अघि बढ्यो । अचम्म मान्दै र केही दुःखी हुँदै गालव पनि पछि लाग्यो । अब जीवनमा जवासित फेरि भेट हुनेमा उसलाई गहिरो शङ्का भयो र एक पटक उसको मन फेरि

विचलित भयो । फर्किएर जवालाई उसले फेरि हेऱ्यो तर जवा गर्भासनमा निहुरिएकी थिई । ... जवाले आँखा खोलेर ध्यान दिएर हेर्दा सुपर्ण र गालव निकै पर क्षितिजमा हो कि होइन झैँ विलीन हुन थालेका देखी । त्यसबेला उसका दुवै आँखाबाट अविरल धार आँसु बग्न थाले । उसले आफूलाई साह्रै एक्ली अनुभव गरी" (पृ. ६१) । यहाँ जवा र सुपर्ण अलग हुनु पर्दा दुवैमा करूणाको अनुभूति छचल्किएको छ । सुपर्ण र गालव त्यो दिन शैवालिकको निषादराज कहाँ अतिथि हुन पुग्छन् । उनीहरू अहिच्छत्रको वरुण बलि देखेर पनि निकै द्रवित हुन पुग्छन् ।

गालव र माता घोषा वाकोवाक्मा सहभागी भएका बेला घोषाले दारक्रिया गरेर जीवनमा प्रवेश गर भने पछि गालव उनको गार्हस्थ्य जीवन बारे प्रश्न गर्छ । गालवको जिज्ञासामा घोषा आफ्नो लामो विगत कोट्याउँदै भन्छे- "मेरो कुरा नगर गालव, मैले जीवनसित धेरै वार्तालाप गरें । त्यही ऊहापोहमा नै मैले यी श्वेत केश आर्जन गरेकी हुँ । म जीवनप्रति पराङ्मुख वा मौनव्रति थिइन, अश्विनिकुमारको आराधनाबाट म पति-पुत्रवती थिएँ र थिएँ अपराजिता । आफ्ना सम्पूर्ण आनन्द मैले आफ्नै पति-पुत्रमा अर्पित गरेकी थिएँ, म बूढी कन्या बसेकीलाई नासत्यौले सुन्दर पति पज्रीवंशी विश्वक् दिए । विश्वक्ले मलाई छोरो विष्णायु दिएका थिए । त्यसले म जस्ती सुखी र आनन्दी कुनै नारी थिइन यो पृथ्वीमा ! .... परन्तु हा क्लेश ! ती मेरा पति-पुत्र रहेनन् र आफ्नो महाप्रयाणसँगै मेरा आनन्द र जीवनलाई तीनले लगे, म असहाय, निर्वीर्य भएँ" (पृ. २१२) । यहाँ माता घोषले आफ्नो जीवनको विगत र दुःखपूर्ण अवस्थाको स्मृति गराएकी छ । उनको जीवनको कारूणिकता उल्लिखित उद्धरणबाट स्पष्ट हुन्छ ।

हर्यश्व प्रासादमा वसुमनालाई जन्म दिएको दुई महिनापछि नै माधवी अर्को पुत्र प्राप्ति हेतु काशी प्रस्थान गरी । ऊ त्याँबाट हिँडेर कण्वग्रामा पुगेकी थिई । त्यहाँ आसुरायण नाम गरेका मुनिको एउटा छाप्रोमा उनको यज्ञशाला पनि रहेको थियो । कण्वाश्रममा अनुष्ठान हुँदै गर्दा एकाएक मानिसहरूको खलबल सुनियो । के भयो हँ ? खै छोड भन्दै वृद्ध आसुरायण भीडमा घुसेपछि उसले देखेको अनिष्ठकारी दृश्यबाट प्रताडित हुन्छ । उसले- "अग्निशालाको ढोकामा आफ्नो एक मात्र छोरो आलम्बको मुर्दा लडिरहेको देखेर आसुरायण चिच्याउँदै दुवै मुड्कीले छातीमा हान्दै विलाप गर्न थाल्यो । त्यस वेला उसका केही शिष्यहरू र अग्निशालाको रक्षक शूद्रदास त्यहीँ बसेर थर थर काम्दै रोइरहेको थियो" (पृ. २६८) । आलम्बको हत्यारा को हो ? भन्दै क्रोले चिच्याई रहेको आसुरायणभित्र करुणाको आवेग देखिन्छ । एउटा शिष्यको सङ्केतबाट माण्डुकायन ऋषिको दासबाट मारिएको कुरा बुझ्यो आसुरायणले । दुराचारी आलम्बनले माण्डुकायनीको पुत्रभार्या अदृश्यन्तिसँग अनैतिक सम्बन्धका लागि आह्वान गरेको थाहा पाएर त्यो घटना घटेको थियो । आलम्बनको हत्याबाट सृजित वीभत्सतामा करुणाको तीव्र अनुभूति गर्न सकिन्छ ।

कण्वाश्रमबाट बाटधान महाहट्ट (दासपणि मेला), जहाँ दासदासीको किनबेच हुने गर्थ्यो, गालव र माधवी बृहद्रथका साथ हेर्न गएका थिए । त्यो एक प्रकारको हाटबजार नै थियो । दासदासीको किनबेचका साथै गन्धर्व र असुरहरूले अनेकौं खेल र वाद्यवादन समेत प्रस्तुत गर्दथे । त्यस्तैमा त्यहाँ पुरुरवा र उर्वशीको नाट्यमञ्चन हुन लाग्यो । नटनटीहरू पुरुरवा र उर्वशीको भेषमा देखा परे । उर्वसीले विश्वावसुलाई जन्म दिएपछि पुरुरवाको त्याग गर्दै थिई । पुरुरवा पुत्र विश्वावसुलाई उत्तराधिकारी योग्य बनाएर मात्रै जान अनुरोध गर्दै थियो । उर्वशीले छेडेर गए आफू अधोगतिमा मृत्यु हुने निश्चित गर्दै पुरुरवा नट भुइँमा लडेपछि नटी उर्वसी पुरुरवालाई- "ॐ तिमी त्यसरी नलड पुरुरवा, आफ्नो मृत्युको कामना नगर । ब्वाँसाहरूले तिम्रो शरीर खाने छैनन्, स्वास्नीमान्छे र ब्वाँसाका हृदय एकसमान हुन्छन्, नारीसित मित्रता कहिल्यै अटूट हुँदैन" (पृ. २८९) । भन्दै मञ्चबाटै बाहिरिन्छे । उसले नारी र ब्वाँसाको हृदयको समानता देखाएकोमा दर्शक र भावकलाई पुरुरवाप्रति करुणाको अनुभूति हुन जान्छ । यहाँ शिशु विश्वावसु र पुरुरवालाई एउटी आमा र पत्नीले त्यागिएको प्रति दर्शक र भावक द्रवित भएर करुणरसको गहिरो अनुभूति गर्न पुग्छन् ।

माधवीले उशीनर शिविबाट गर्भधारण गरेपछि उनीहरूलाई चौथो श्यामकर्णको चिन्ता हुन थाल्यो । गालवले उशीनर राज्यमा आफ्नो जीविकोपार्जन निम्ति खेत पाएको थियो । त्यहीं उसले एउटा पर्णशाला र बगैंचा निर्माण गरी बसेको

अवस्थामा एक दिन सुपर्ण नगजेय आइपुग्छन् । भोलिपल्ट माधवीसँग भेट हुन्छ । उनीहरूका बिच जीवन र मृत्युका सम्बन्धमा चर्चा चल्छ । दुःखलाई शरीरको धर्म हो भन्दै नागजेयले रोगमुक्त जीवनलाई आनन्दको संज्ञा दिन्छ । माधवीले अल्पायुमा मृत्यु हुने यावत् शिशुहरू बारे प्रश्न गर्दा सुपर्ण गालव र माधवीलाई भन्छ- "सम्राट्पुत्री ! मेरो, तिम्रो र जन्मिएकाको मृत्यु हुन्छ । जन्मिएकाको मृत्यु ध्रुवसत्य छ भनी गाथाले भन्छ । अतः प्राणधारीको मृत्युमा अपशोच नगर र त्यसमा दुःख नदेख । प्रकृति आफ्ना अभिन्न भूतमा पुग्छे भनी योगीहरू भन्छन्-मृत्यु त्यही हो । यो शरीर नै मृत्यु हो, किनभने यो नाशवान् छ" (पृ. ४८४) । यसरी सुपर्णले उनीहरूलाई मृत्यु र जीवनको अर्थ बताउँदा जीवनको पल्लो किनारमा रहेको मृत्युबोध करुणाको उद्गमस्थल बनेको छ । मृत्युलाई दुःख ठान्ने हो भने संसार नै मृत्युरूप हुन जान्छ । तसर्थ जन्म र सृष्टि प्रबल छन् । गतिमान् कालले विजय पाएरै छोड्छ । त्यसकारण काल सिर्जित कारुणिकतामा संसार गतिमान् र चलायमान भएको निष्कर्ष निकाल्न पुग्छ सुपर्ण ।

माधवीको स्वयंवर त्याग गरेकोमा सुपर्णको मर्मच्छेदी तिरस्कार गालवलाई तप्त नाराच वाण झैँ भएको थियो । गल्ती आफ्नै भएकाले कुनै प्रतिक्रिया नजनाई शैवालिकबाट गण्डकी किनारको निकै तल विक्षिप्त भएर बस्यो । उसले माधवीसँग अयोध्या, काशी, भोजनगर र चम्पामा बिताएका क्षणहरू स्मरण गर्दै पश्चात्तापमा रुमलिएर माधवीको सम्झनामा आँसु बगाउँदै थियो । सुपर्णले उसका सबै भावना बुझिरहेको थियो । उसलाई सुपर्णले शान्त्वना दिँदै अनृत र हिंसा पशुबाट नभई मानिसबाटै हुने तथ्य बतायो र पश्चात्तापबाट त्यो पाप पखालियो भन्दै आफू माधवीको खोजीमा साथ दिन तत्पर रहेको बतायो । माधवी खोज्न आफ्नो साथ चाहिन्छ भन्ने बुझेको सुपर्ण नागजेय भन्छ- "उपाध्याय गालव ! सम्राट्पुत्री माधवी आत्मनिग्रही, निस्पृह र कलङ्क रहित छिन् । हिँड गालव हामी सँगै जाऊँ । माधवीका क्रोध निवारण गर्न म सहायता गर्नेछु । स्वयंवरमा तिनले कसैको वरण गरिन् भन्ने मलाई विश्वास छैन । हिँड, तिम्रानिम्त म क्षमायाचना गर्नेछु । सम्राट्पुत्री शान्त छिन् र स्वाभिमानी छिन्, तिम्रो यत्रो अनाचारलाई ती वैष्णवीले सहजै क्षमा गर्ने छैनन् । तैपनि हामीले प्रयास गर्नै पर्छ" (पृ. ५७९) । यति भन्दै सुपर्ण गालवलाई सहयो गर्ने वचन दिन्छ । उसको यो प्रतिवद्धताभित्र गालव र माधवीको वियोगावस्थाबाट सृजित करुणालाई सुपर्णले अनुभव गरेको छ । यसरी माधवी उपन्यासमा गालव, माधवी, दासदासी र अन्य केही सक्रिय पात्रहरूमा रहेको अनेकौं घटनामा करुणरसको अनुभूति गर्न सकिन्छ ।

**निष्कर्ष**

नेपाली उपन्यास विधामा विशिष्ट स्थान भएको माधवी उपन्यास उत्तरवैदिक कालीन युगधर्ममा देखा परेको दास-स्वामी प्रथा र त्यसको निराकरणका निम्ति गरिएका अनुष्ठान प्रयासहरूको एउटा सामाजिक दस्तावेज हो । झण्डै दुई सय पात्र प्रयोग भएको प्रस्तुत उपन्यास बहुपात्रात्मक रहेको छ । माधवीका सबै जसो सक्रिय चरित्रहरू कुनै न कुनै रूपमा विछोड, वियोग, वेदना, पीडा र शोकको तापबाट आतप्त रहेका छन् । गालव र माधवीको जीवन यात्रामा विभिन्न समयमा जोडिन आएका सबै चरित्रका जीवनगाथा वेदना र करुणाले निथ्रुक्कै भिजेको छ । उत्तर ऋग्वेद कालीन पौराणिक गाथा गायन गरिएको यस उपन्यसले कल्पना गरेको समाज शतपथ ब्राह्मण युगीन समाज हो । यस उपन्यासमा प्रस्तुत गरिएको विषयबाट त्यस बेलाको समग्र युगीन समाज नै अनेकौं प्रकारको दासत्वमा रुमलिएको यन्त्रणायुक्त कारुणिक युग भएको अनुमान गर्न सकिन्छ । यस उपन्यासमा ऋषि विश्वामित्रको दासत्व विरोधी राजनैतिक उद्देश्य देखाउन खोजिएको छ तापनि उनमा राजनैतिक रुचि रहेको भने देखाइएको छैन । वैदिक युगमा अस्तित्वमा रहेको दास प्रथा, स्वामीहरूका यन्त्रणागृहमा हुने एकाध विद्रोही घटना बाहेक अन्य कुनै रक्तपातयुक्त विद्रोह नभइकनै कृषि र श्रेणीहरूबाट दासहरूलाई हटाइएको भए पनि यहाँभित्रका यातनापूर्ण जीवनका ऊहापोहमा कारुणिक सामाजिक स्पन्दन रहेको पाइन्छ । दास विमोचनकै उद्देश्य लिएर गरिने दासमोचन महायज्ञनिम्ति श्यामकर्ण घोडाको आवश्यकता परेकोले आफ्नो अन्तेवासिन् गालवबाट त्यो उद्देश्य पुरा गराउने अभिलाषाका साथ गालवसँग त्यस्तो दुरुह गुरुदक्षिणा मग गरिएको बुझिन्छ । त्यस बेलाका चर्चित मण्डलका आर्य र असुरका सबै जनपद र श्रेणीहरूमा दासहरूलाई पशुवत् व्यवहार गरिएको र कतै कतै यन्त्रणालयहरूमा सशस्त्र विद्रोहसमेत हुने गरेको चर्चाबाट दासदासीहरूको कारुणिक जीवन गाथा पनि यस उपन्यासमा

वर्णित छ । राज्यको कुनै निश्चित सीमा निर्धारण नगरिएको भए पनि प्रभु भनिएकाहरूबाट शाशित मण्डल, जनपद र श्रेणीहरूमा बिस्तारै दासहरू विमोचित हुँदै गणहरूमा रूपान्तरण भएका घटनाहरू उल्लेख गरिएबाट दासयुगीन सामाजिक अवस्थाको दुर्दान्त कारुणिकता झल्किन्छ । ययाति र हर्यश्वका दासशालाहरूमा दासहरूलाई किनबेच र बिक्रीवितरण गर्ने परम्परा र यन्त्रणाशालामा उनीहरूलाई दिइने यातना, शारीरिक शोषण, हत्या जस्ता घटनाको चित्रणबाट त्यसबेला एउटा सभ्य समाजले कल्पनै गर्न नसक्ने विकृतिपूर्ण सामाजिक अवस्थाले मानव जीवनलाई नै कारुणिक बनाएको अनुमान गर्न सकिन्छ ।

माधवीका अन्य केही पात्रहरू, नागजेय सुपर्ण, वैनतेय, कौलेय, ग्रामपा, केवट, अश्मक, घोषा, जवा, सारिका, चर्मपुटिका जस्ता अनेकौँ चरित्रको व्यक्तिगत जीवन पनि शोक, करुणा, वेदना र वियोगका नद नदी भएर देखा परेको छ । यसरी माधवीका सबै सक्रिय चरित्रका जीवन गाथा करुणरसले भरिएको छ र कुनै न कुनै रूपमा ती चरित्रहरू महादासत्वबाट मुक्त भई तीर्यक् योनीमा परिणत हुनबाट जोगिएका छन् । यहाँ गालवलाई गुरुदक्षिणा रूपी दासत्वबाट माधवीले मुक्त गराएकी छ भने माधवीलाई ययाति दरबारको वरुण यज्ञको माहामाया गणिकाबाट गालवले विमोचित गराएको छ । यसरी नै दासदासी र अन्य केही पात्रहरूले पनि त्यसबेलाको सामाजिक व्यवस्थाअनुसार लादिएका अनेकौँ प्रकारका दासत्वबाट मुक्ति पाएका छन् । फेरि पनि समाजमा कुनै न कुनै रुपमा दासत्वको अवशेष बाँकी नै छ । विश्वामित्रले थालेको दास विमोचन अभियानलाई उनका मानस पुत्रहरू वसुमना, प्रतर्दन, शिवी र अष्टकले चतु:राष्ट्र वापेयी महायज्ञ गरेर निरन्तरता दिन खोजेको बुझिन्छ । यस उपन्यसको अध्ययनबाट मानव जीवनलाई पशुवत् व्यवहार गर्ने सामाजिक परम्परालाई संसारबाटै समाप्त पार्न निरन्तर प्रयास गरिनु पर्छ र जीवन नै करुणरसको स्रोत हो भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

## सन्दर्भ सामग्रीसूची

दीक्षित, मदनमणि (२०३९). *माधवी.* ललितपुर : साझा प्रकाशन ।

नगेन्द्र. (सन् १९४९). *रीतिकाव्य की भूमिका.* (सातौं सं. १९७७). दिल्ली : नेसनल पब्लिसिङ हाउस ।

भवभूति. (सन् १९२५). *उत्तररामचरित.* (टीकाकार टी.आर. रत्नम् ऐयार). बम्बे : पाण्डुरङ्ग जवाजी ।

वर्मा, धीरेन्द्र. वर्मा, व्रजेश्वर. भारती, धर्मवीर. चतुर्वेदी, रास्वरूप. र रघुवंश (सन् १९८५). *हिन्दी साहित्यकोश.* वाराणसी ज्ञानमण्डल लिमिटेड ।

श्रीवास्तव, व्रजवासीलाल (सन् १९६१). *करुणरस.* दिल्ली : हिन्दी साहित्य संसार ।